कांग्रेसले देश र जनताका लागि राजनीति गरेको नेता राठोरको भनाई | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३२२ • २०८१ साल बैशाख ८ गते शनिबार (20 April, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

हेप्न खोज कुनै पनि बेला सत्ता परिवर्तन हुन सक्ने : अध्यक्ष नेपाल

टुडे समाचारदाता

गौर । नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले आफूहरुलाई कसैले कमजोर ठान्ने कुचेष्टा गर्यो भने देशमा फेरि अर्को उथलपुथल गर्न बेर नलगाउने चेतावनी दिएका छन् ।

आफू देशका ठूला हस्ती राजा वीरेन्द्र देखि ज्ञानेन्द्र, गणेशमान देखि कृष्णप्रसाद भट्टराई, गिरजाप्रसाद कोइरालादेखि प्रचण्ड सम्मलाई सामना गरेर आएको नेता भएकोले आफू र आफना पार्टीलाई कसैले कमजोर नठान्न नेता नेपालको चेतावनी दिए ।

गृह जिल्ला रौतहटको गौर नगरपालिका-२ महादेवपट्टि स्थित लालबकैया नदीमा नवनिर्मित झोलुङ्गे पुलको शुक्रवार उद्घाटन गर्दै अध्यक्ष माधव नेपालले यस्तो बताएका छन् ।

झोलुङ्गे पुल उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एसका अध्यक्ष समेत रहेका पूर्व प्रधानमन्त्री नेपालले आफूहरुको आफनै स्वाभिमान, पहिचान, मूल्यमान्याता र महत्व रहेकोले हल्कामा नलिन सुझाव दिए ।

वर्तमान चार दलिय सत्ता गठबन्धनलाई लक्षित गर्दै उनले भने-'हामी कसैको दास होइनौ र कसैको इशारामा चल्ने व्यक्ति पनि होइनौ, त्यसैले यदि हाम्रो पार्टीको भूमिकालाई कसैले अवमूल्यन वा बेवास्ता गर्यो भने उसलाई ठूलो मूल्य चुकाउनुपर्छ, ।'

नेता नेपालले भने-'हाम्रो आफनै स्वाभिमान र महत्व छ, त्यसैले यो कुरा बुझ्यो भने ठिक छ नत्र सबै उलटिन्छ र देशमा अर्को उथलपुथल हुन्छ ।'

नेकपा एसले सात प्रदेश मध्ये एउटा सुदुरपश्चिम प्रदेशको मुख्यमन्त्री पाएको बताउँदै उनले भने, 'त्याँहा आफ्ना पार्टीका चार जना प्रदेश सांसद छन् र ती चारै जना सरकार निर्माणका लागि निर्णायक छन्, हाम्रा प्रदेश सांसदहरु जता जान्छन उतै सरकार बन्छ, अनि सरकार छाडयो भने ढल्छ ।'

यता, सुदूरपश्चिममा माधवकुमार नेपालले सत्ता समीकरण फेरबदल गरेपछि बिहीबार मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेबीच भेटवार्ता भएको थियो

भेटवार्तामा समसामयिक राजनीतिका साथै लगानी सम्मेलनबारे समीक्षा गरिएको बताइए पनि माधवकुमार नेपालको पछिल्लो राजनीतिक परिवर्तनकै बारेमा बैठक केन्द्रित रहेको थियो।

उनले प्रदेशमा सत्तासमीकरण फरक भए पनि तत्कालै केन्द्रमा कुनै समस्या नरहेको दाबी गरिएको थियो। तर, अध्यक्ष नेपालले शुक्रबार दिएको अभिव्यक्तिले केन्द्रीय राजनीतिमा समेत आफ्नो पकड बलियो रहेको र सत्तासमीकरण फेरबदल हुन सक्ने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

अध्यक्ष नेपालले रौतहटमा विगतमा आफूले शिलान्यास गरेका सबै योजनाहरुको काम चाडै द्रुत गतिमा अगाडि बढ्ने विश्वास दिलाए । आफू प्रधानमन्त्री भएको बेला रौतहटमा ठूलठूला विकास निर्माणका कामहरु गरेको चर्चा गर्दै नेता नेपालले आफूले शिलान्यास गरी अधुरो रहेका बडहर्वा पुल, टिकुलियाघाटको पुल देखि लिएर अलपत्र अवस्थामा रहेको सबै योजनाका कामहरु चाडै अगाडि बढाउने प्रक्रियामा लागि परेको बताए ।

४२ किलोमिटरको गौर-चन्द्रनिगाहपुर सडकखण्डलाई चारलेनको बनाउने योजना आफूले नै ल्याएको र अहिले उक्त सडकलाई चारलेन बनाउने काम द्रुत गतिमा अगाडि बढेको उनले बताए । चपुर-गौर सडकलाई चारलेन बनाउन ३ अर्बको ठेक्का लागिसकेको बताउँदै नेता नेपालले अबको केही वर्षभित्रमै चपुर-गौर सडक चारलेनको बाटो हुने बताए ।

त्यस्तै हुलाकी राजमार्ग संग जोडिएको बडहर्वाघाटको बागमति नदिको पुल निर्माण गर्न अति आवश्यक रहेकोले अलपत्र अवस्थामा रहेको सो पुल चाडै निर्माण गर्नका लागि आफू कुनै कसर बाँकी नराखेको उनले बताए ।

गौर नगरपालिकाका मेयर शम्भु साहको अथक प्रयास र सहयोगमा वडा नं २ महादेवपट्टि स्थित लालबकैया नदीमा करोडौंको लागतमा निर्माण भएको झोलुङ्गे पुलको शुक्रवार नेकपा एसका अध्यक्ष माधव कुमार नेपालले उद्घाटन गरेका छन् ।

नेता नेपालले उद्घाटन गरेसंगै मधेश प्रदेशकै सबभन्दा दोश्रो ठूलो पुलको रुपमा रहेको उक्त झोलुङ्गे पुल शुक्रवारदेखी औपचारिक रुपमा सञ्चालनमा आएको छ । सो पुलबाट गौर, इशनाथ लगाएत पालिकाका हजारौ व्यक्तिहरु लाभान्वित हुने भएका छन् ।

पुल उद्घाटन कार्यक्रममा नेकपा एसका नेता एवं पूर्व मन्त्री डाक्टर वंशीधर मिश्रा, विकास समितिका सभापति कल्याणी खड्का, नेता रेवन्त झा, नेकपा एसका जिल्ला अध्यक्ष कमल यादव, गौर नगर प्रमुख शम्भु साह लगाएतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

कोशीको मुख्यमन्त्री हटाउने संकल्प प्रस्ताव बहुमतले पारित

टुडे समाचारदाता

विराटनगर । कोशी प्रदेशसभामा नेकपा एमालेसहित विपक्षी गठबन्धनले पेस गरेको संकल्प प्रस्ताव शुक्रबार बहुमतले पारित भएको छ । सभामुख अम्बरबहादुर विष्टले संकल्प प्रस्तावको पक्षमा ५२ सांसद र मत दिन्न भन्ने पक्षमा जम्मा ३ सांसद रहेका कारण बहुमतले प्रस्ताव पारित भएको सभालाई जानकारी गराए । कांग्रेस सांसदहरू भने मत विभाजनमा सहभागी भएनन् ।

सभामुखले संकल्प प्रस्ताव पारितपछि प्रदेशसभाको विशेष अधिवेशनको औचित्य समाप्त भएको भन्दै सभामुखले अधिवेशन अन्त्य भएको घोषणा गरे ।

त्यसअघि संकल्प प्रस्तावका पक्षमा बोल्दै माओवादीको संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले 'विश्वासको मत पनि लिन्नँ, राजीनामा पनि दिन्नँ'भन्ने मुख्यमन्त्रीको अभिव्यक्ति गै जिम्मेवार भएको र यसले सरकारको नियत सफा नदेखिएको जनाए । 'अब मुख्यमन्त्रीले ३० दिनभित्र, मार्गप्रशस्त गर्नुपर्‍यो,' आङ्बोले भने, '१६८ (५) को सरकार चीरस्थायी हुन्छ भन्ने सोच गलत हो ।' संसद् विघटनको कुरा कल्पनाबाहिरको कुरा भएको भन्दै उनले थपे,'संसद्ले वैकल्पिक सरकार दिन नसक्दा विघटन गर्ने हो । तजविजका आधारमा संसद् विघटन हुन्न ।'

पूर्वमन्त्री नारायण बुर्जा मगर, माओवादी नेताहरू गोम्बु शेर्पा, गीता तिम्सिना, सपना दर्जी, एमाले सांसदहरू कमला दर्नाल, लिलाबल्लभ अधिकारी, विदुर कुमार लिङ्थेपु, तिलचन पाठक र जसपा सांसद निर्मला लिम्बूले संकल्प प्रस्तावको पक्षमा तथा कांग्रेस सांसदहरू खगेन्द्रसिंह आङ्वाङ र विनोद राईले प्रस्तावको विपक्षमा धारणा राखेका थिए ।

मुख्यमन्त्री केदार कार्कीले संसद्मा जवाफ दिँदै विगतमा आफूलाई मुख्यमन्त्री बनाउने बेलामा बहुमत नखोजिएको र अहिले बहुमत खोजिनु दुःखद रहेको बताए । 'मुख्यमन्त्रीमा समर्थन गर्ने बेलामा बहुमत खोजिएन । १६८ (५) को व्याख्या खोजियो त्यहीअनुसार मुख्यमन्त्री भएँ,' उनले भने । मध्यावधिमा जानबाट रोक्न राजनीतिक स्थायित्व कायम गर्नलाई त्यतिबेला सरकार बनेको बताए ।

कलेजो स्वस्थ राख्न खानपान र रहनसहनमा ध्यान दिन आग्रह

काठमाण्डु। अप्रिल१९, 'विश्व कलेजो दिवस'। कलेजोसम्बन्धी रोगबारे जनचेतना जगाउन र कलेजोको स्वास्थ्य प्रवर्द्धन गर्न हरेक वर्ष विश्व कलेजो दिवस मनाइन्छ। यस दिवसको महत्वको बारेमा मानिसलाई शिक्षित गराउने, कलेजो रोगको प्रारम्भिक पहिचान र उपचारका लागि पैरवी गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो।

यस वर्षको दिवसको नारा, 'सतर्क रहनुहोस्, नियमित कलेजो जाँच गराउनुहोस्, र फ्याटी लिभर रोगबाट बच्नुस्' रहेको छ। अर्थात् प्रारम्भिक चरणमा कलेजोको समस्या पहिचान र रोकथाम गर्नुपर्छ जसले गर्दा बोसोयुक्त कलेजो रोगबाट बच्न सकिने कुरालाई इङ्गित गर्दछ। कलेजो मानव शरीरको महत्वपूर्ण अङ्ग हो। कलेजो स्वस्थ्य राख्न खानपान र रहनसहनमा ध्यान दिनसके विभिन्न समस्याबाट बच्न सक्ने विज्ञ बताउँछन्। वरिष्ठ कलेजो रोग विशेषज्ञ प्राडा युवराज शर्माले भन्नुभयो, "कलेजोले शरीरमा महत्वपूर्ण भूमिका खेल्छ। यसले पाचन प्रणालीदेखि शरीरलाई चाहिने विभिन्न तत्व निर्माण गर्दछ। नचाहिने विकार तत्वलाई शुद्धिकरण गर्दछ। खानपान र रहनसहन नै कलेजो स्वस्थ राख्ने महत्वपूर्ण कुरा हुन्।"

उहाँका अनुसार धेरै चिल्लोपदार्थ सेवन नगर्ने, नियमित व्यायाम गर्ने गर्नुपर्छ, जसले गर्दा कलेजोमा बोसोको मात्रा जम्न दिँदैन।

कलेजोमा बोसो जम्नुलाई 'फ्याटी लिभर' भनिन्छ। नेपालमा अधिकांश कलेजोको समस्या देखिएकामा रक्सीको अधिक सेवन प्रमुख कारण रहेको छ। त्यसैगरी हेपटाइटिस 'बी','सी'को सङ्क्रमण, आनुवंशिक कारण पनि कलेजोको समस्या देखिने गरेको चिकित्सकको भनाइ छ।

"रक्सीजन्य पदार्थले सबैभन्दा धेरै कलेजोमा क्षति गरेको देखिन्छ। लिभर रक्सीजन्य पदार्थमा सिमितता वा सकेसम्म प्रयोग नगरेकै राम्रो हुन्छ", डा शर्माले भन्नुभयो, "बच्चालाई हेपाटाइटिस भाइरसको सङ्क्रमणविरुद्ध खोप लगाउनुपर्छ। आनुवंशिक कारणले निम्तिने समस्या पनि छ। परिवारमा कोही सदस्यलाई समस्या छ भने अरुले एकपटक जाँचगर्नुपर्छ।"वर्षमा एकपटक कलेजोको अवस्था ठीक छ वा छैन भनेर लिभर फङ्सन टेस्ट (एलएफटी) गराउन चिकित्सकको सुझाव छ। यो सुविधा हरेक सरकारी तथा निजी प्रयोगशालामा सर्वसुलभरुपमा उपलब्ध छ।नेशनल हेल्थ सर्भिस (एनएचएस), युकेका अनुसार कलेजोमा समस्या आयो भने खाना रुचि नहुने, वाकवाकी लाग्ने, जीउमा कमजोरी महसुस हुने, बिरामी भइराख्ने लक्षण देखिन सक्ने हुन्छ।



डा शर्माले समस्या बढ्दै जाँदा जन्डिसको लक्षणजस्तै आँखा पहेँलो हुने, छाला पहेँलो हुने, छ महिनाभन्दा बढी लगातार कलेजोमा समस्या भयो भने 'क्रोनिक लिभर डिजिज' हुन सक्ने बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "यसले गर्दा पेटमा पानी आउने, पेटको अमाशयमा नशा फुल्ने, नशा फुटने, रगत उल्टी हुने, रगत दिसा जाने, छालामा विभिन्न प्रकारका दाग जस्तो लक्षण देखिन थाल्छन्।"उहाँले कलेजोले काम नै नगर्ने अवस्थामा पुग्यो भने प्रत्यारोपण गर्नुपर्ने अवस्था आउने भएकाले सुगर तथा कोलेस्ट्रोलका बिरामीले नियमित जाँच गराइराख्नु पर्ने बताउनुभयो।रासस

मुक्त हरवाचरवालाई उद्यमशील बनाउने नीति तथा कार्यक्रम आवश्यक छः मन्त्री न्यौपाने

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले मधेशमा रहेका मुक्त हरवाचरवाहरूलाई उद्यमशील बनाउने नीति तथा कार्यक्रम आवश्यक रहेका बताउनुभएको छ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको तेस्रो राष्ट्रिय सम्मेलनको शुक्रबार जनकपुरधाममा उद्घाटन गर्नुहुँदै मन्त्री न्यौपानेले हरवाचरवाको आवश्यकता पहिचान गरी दीर्घकालीन समस्या समाधान हुने गरी उद्यमशीलतामा जोड दिनुपर्ने बताउनुभयो।

"तपाईहरूले मुक्त हरवाचरवाका लागि १० कट्ठा जमिनको माग गरिरहनुभएको छ तर मलाई जमिनभन्दा पनि उहाँहरूको दीगो जीविकोपार्जन र आत्मनिर्भरहुनका लागि उद्यमशीलतामा जोड दिनुपर्छ जस्तो लाग्छ", मन्त्री न्यौपानेले भन्नुभयो,"व्यक्ति र समग्र समुदायको सामूहिकहीत र उत्थानका लागि बनाइने उद्यमशीलता प्रवर्द्धनका कार्यक्रममा हामीले पनि आवश्यक सहयोग गर्छौं।"

त्यसैगरी उहाँले मधेशमा सबैभन्दा सीमान्तकृत र भूइँ मान्छेका रूपमा रहेका हरवाचरवाहरूको समस्या समाधानका लागि प्रदेश सरकार सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभयो।

कार्यक्रममा अधिकारकर्मी गणेश विश्वकर्माले पश्चिम नेपालका मुक्त कमैया, कमलहरी र सुकुम्बासीको समस्या समाधानका लागि सरकार गम्भीर देखिए पनि मधेशका मुक्त हरवाचरवाको न्यायिक पुनर्स्थापनाका लागि पर्याप्त चासो देखाउन नसकेको बताउनुभयो। उहाँले मुक्तिको घोषणा गरे पनि वास्तविक हरवाचरवाको पहिचान, तथ्याङ्क संकलन र न्यायिक पुनर्स्थापनाका काममा ध्यान नदिँदा समस्या थप गिजोलिँदै गएको धारणा राख्नुभयो।

कार्यक्रममा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशनलाल मण्डलले मुक्तिको घोषणा गरेर आफूहरूलाई सरकारले बेवास्ता गर्न खोजेको आरोप लगाउनुभयो। उहाँले अब तत्काल समस्या समाधान र आफ्ना मागको सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा अधिवक्ता बालाराम भट्टराई, अधिकारकर्मी ब्रह्मदेव राम, मञ्चका महासचिव लागेन्द्र सदालगायतले मधेश प्रदेश केन्द्रीत हरवाचरवा समस्या समाधानका लागि यहाँकै सरकारले अझ बढी पहलकदमी लिन जरूरी रहेकामा जोड दिनुभयो।

शुक्रबारदेखि सुरूभएको सम्मेलनमा मधेश प्रदेशका आठै जिल्लाका मुक्त हरवाचरवाका प्रतिनिधि, पर्यवेक्षक र विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो।

सम्मेलन नयाँ नेतृत्व चयन गर्दै भोली सम्पन्न हुनेछ।

हरवा चरवाको न्यायिक सम्मेलन

टुडे समाचारदाता

जनकपुरधाम। हरवा चरवाको न्यायिक पुनः स्थापनाको माग गर्दै जनकपुरधाममा प्रदर्शन गरेको छ।

जनकपुरधाममा शुक्रबारदेखि राष्ट्रिय हरवा चरवा अधिकार मञ्चको तेस्रो राष्ट्रिय सम्मेलनको क्रममा उनीहरुले बृहत दबावमुलक र्‍यालीसहित प्रदर्शन गरेको छ।

सो सम्मेलनमा सहभागी हुन विभिन्न जिल्लाबाट जनकपुरधाम आएका हरवा चरवाले भोगिरहेका समस्याहरुबारे छलफल गर्ने जनाएको छ। सो सम्मेलनमा हरवा चरवाले हाम्रो भूमि, छोरा छोरीको शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा सहितको माग गर्दै ठोसरुपमा अघि बढ्ने योजना रहेको जनाइएको छ।

दलित जनकल्याण युवा क्लब लहानको सहयोगमा राष्ट्रिय हरवा चरवा अधिकार मञ्चको आयोजनामा सुरु भएको हरवा चरवाको राष्ट्रिय सम्मेलनको उद्घाटन मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्द बहादुर न्यौपानेले उद्घाटन गरेका छन्।

सो सम्मेलनको बन्दसत्रमा मधेश प्रदेशको ८ वटै जिल्लाबाट ८० जना प्रतिनिधिहरुको सहभागी रहने कानून व्यवसायी बालराम भट्टराईले जानकारी दिए। तेस्रो राष्ट्रिय हरवा चरवा सम्मेलनले मञ्चका लागि नयाँ नेतृत्वको चयनसमेत गर्ने छन्।

भारतले रोक्यो नेपाली चियाको निर्यात

झापा। भारतले पटके गुणस्तर परीक्षणको नयाँ प्रावधान लागू गरेर नेपाली चियाको निर्यात रोकेको छ। नेपालका चिया उद्यमीहरुले यसबाट गम्भीर सङ्कट निम्तिने बताएका छन्।

पूर्वीनाका काँकडभिट्टाबाट जाँचपास भएर भारतीय सीमावर्ती पानीटङ्की नाका पुगेको १७ ट्रक तयारी चिया शुक्रबार भारतले रोकेको हो। चिया निर्यातको अनुमति नपाएर रोकिएका ती ट्रकहरु पानीटङ्कीको सडकमा असुरक्षित अवस्थामा रहेको चिया व्यवसायी एवम् भन्सार प्रतिनिधि रोशन अग्रवालले जानकारी दिनुभयो।

मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख रामप्रसाद रेग्मीले भारतीय भन्सारमा नेपाली चिया रोकिएको स्वीकार गर्दै त्यसलाई खुलाउन स्थानीय र केन्द्रीय तहबाट प्रयास भइरहेको बताउनुभयो। भारतीय नाकामा नेपाली चिया रोकिएको जानकारी आएपछि पानीटङ्कीस्थल भन्सार कार्यालयका समकक्षीसँग आजै भेटेर समस्या समाधानका लागि आग्रह गरेको भन्सार प्रमुख रेग्मीले बताउनुभयो।

मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमराज प्रसाईंले नेपाली चियाको निर्यात रोक्न भारत सरकारले गुणस्तर परीक्षणको नयाँ बखेडा झिकेको प्रतिक्रिया दिनुभयो। तत्काल यसको समाधान नखोजिए नेपाली चिया उद्योग सङ्कटमा फस्ने उहाँको भनाइ छ।

चिया व्यवसायी एवम् भन्सार प्रतिनिधि अग्रवालका अनुसार पानीटङ्कीस्थित भारतीयस्थल भन्सार कार्यालयले हरेक ट्रकमा नेपाली चियाको अलग-अलग गुणस्तर परीक्षण गरिनुपर्ने नयाँ नियम लगाएर निर्यातमा रोक लगाएको हो।

"यसअघि एउटा कम्पनीले एउटा नमूनाको गुणस्तर जाँचपास गराएको 'रिपोर्ट'ले १५ दिनसम्म चिया निर्यात गर्दा पनि मान्यता पाउँथ्यो," व्यवसायी अग्रवालले भन्नुभयो, "अहिले पानीटङ्कीको भारतीय भन्सारले हरेक गाडीको छुट्टाछुट्टै नमूनाको गुणस्तर जाँचपास रिपोर्ट ल्याउनुपर्ने अड्को थापेको छ।"

पानीटङ्की भन्सारमा गोदामको सुविधा नभएकाले नेपालबाट चिया 'लोड' भएर गएका १७ वटा ट्रक खुला सडकमा अलपत्र परेको उहाँले बताउनुभयो। त्रिपालले छोपेर सडकमा अलपत्र अवस्थामा चिया राखिएको ट्रकमा राति चोरी हुनसक्ने जोखिम छ। अलपत्र ट्रकहरुमध्ये नेपाल चिया विकास निगमको छवटा ट्रक छन् भने अन्य सामान हिमालयन रेञ्जलगायत चिया उद्योगका हुन्।

सिटिसी र अर्थोडक्स गरी दुवै प्रकारका चिया भारत निर्यात हुँदै आएको छ। नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ। निर्यात हुने चियाको ९२ प्रतिशत काँकडभिट्टा नाका भएर भारत जाने गरेको छ। चिया व्यवसायीका अनुसार भारतले नेपालमा गरिएको गुणस्तर जाँचको रिपोर्टलाई मान्यता दिएको छैन।

भारतको पानीटङ्की भन्सारमा समेत गुणस्तर जाँच्ने प्रयोगशाला छैन। भारतको कोलकाता, दिल्ली, पटनालगायत स्थानका प्रयोगशालामा गरिएको गुणस्तर जाँचपासलाई भारतीय भन्सारले मान्यता दिने हुँदा यसबाट नेपाली चिया निर्यातमा संलग्न व्यवसायीले झन्झट भोग्दै आएका छन्। रासस

मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम। धनुषामा मोटरसाइकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ।

मृत्यु हुनेमा धनुषाको विदेह नगरपालिका- ७ स्थित बेलापट्टी बस्ने ६५ वर्षीय रामरतन मण्डल रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

धनुषा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले दिएको जानकारी अनुसार पैदल यात्री मण्डललाई बिहीबार साँझ प्रदेश ०२- ००७ प २९४३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका थिए। भने उनको सिता हस्पिटल उपचारको क्रममा मृत्यु भएको उनले बताए।

उनको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ। सो दुर्घटनाको विषयमा थप अनुसन्धान भइरहेको उनले बताए।

सरकारी चिकित्सकलाई निजीमा काम नगर्न मन्त्रालयको आग्रह

टुडे समाचारदाता

काठमाण्डु। सरकारी अस्पतालमा काम गर्ने चिकित्सकहरु नीजिमा पनि काम गरि सरकारी अस्पतालमा आउने विरामीहरुलाई कुराउने गरेको परिपाटीलाई अन्त गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारीमा काम गर्नेलाई नीजिमा काम गर्न निर्देशन जारी गरेको छ। मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मीले निजी स्वास्थ्य संस्थामा पूर्णकालीन कार्य गर्नु कानुनविपरीत भएको जनाएको छ।

मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले अपिल जारी गर्दै मन्त्रालयअन्तर्गत कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई निजी स्वास्थ्य संस्थामा पूर्णकालीनरुपमा कार्य गर्नु प्रचलित कानुनविपरीत भएकाले त्यसो नगर्न आग्रह गरेका छन्।

"मन्त्रालयअन्तर्गत कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी एवं कर्मचारी बिदा स्वीकृत गराइ वा नगराइ स्वदेशमा सञ्चालित निजी स्वास्थ्य संस्था तथा विदेशस्थित सरकारी वा निजी स्वास्थ्य संस्थामा पूर्णकालीनरुपमा कार्यरत रहेको भनी गुनासो प्राप्त भएको हुँदा यस सम्बन्धमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ", अपिलमा भनिएको छ, "यसरी काम गर्नु प्रचलित कानुन र विधिको प्रतिकूल हुने हुँदा यससम्बन्धी कार्यमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मी एवं कर्मचारीलाई संयमित तथा कानुनसम्मत क्रियाकलाप गरिदिन हुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ।"

त्रिभुवन विमानस्थलबाट आठ सय ५० ग्राम सुनसहित एक महिला पक्राउ

काठमाण्डु। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले करिब आठ सय ५० ग्राम सुनसहित एक महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा थाई एयरलाइन्सको टिजी ३१९ नंको उडानबाट शुक्रबार नेपाल आएकी भारतीय महिला सहिना प्रभिन रहेकी विमानस्थल सुरक्षा कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्माले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सेतो प्लास्टिकलाई बाहिरबाट कालो टेपले बेरर भित्री कपडा भित्र लुकाएर ल्याएको अवस्थामा अर्धठोस अवस्थामा रहेको सुनजस्तो देखिने दुई पोका पहेँलो धातु अन्दाजी (प्लास्टिकसहित) आठ सय ५० ग्राम सुनसहित निजलाई पक्राउ गरिएको हो।"

यसअघि बिहीबार पनि प्रहरीले विमानस्थलबाट एक किलो ७० ग्राम बेवारिसे अवस्थामा रहेको सुन बरामद गरेको थियो। रासस

तपाईंको आज

पण्डित : बम जी

मेष	: प्रेम प्रसंग, मित्र सुख।
बृष	: सुख समृद्धि हुने।
मिथून	: भ्रमण अवसर हुने।
कर्कट	: अवसर प्राप्त।
सिंह	: वाद विवादबाट बच्नु।
कन्या	: पुरस्कार प्राप्त लाभ।
तुला	: नयाँ कार्य हुने।
वृश्चिक	: बौद्धिक क्षमता।
धनु	: प्रतिभा सम्पन्नता।
मकर	: शिक्षामा उन्नति।
कुम्भ	: पारिवाहिक सुख।
मीन	: धन वृद्धि सञ्चय।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५, ९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७, ९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

सर्लाहीको बागमती नगरपालिका-११ स्थित कर्मैयामा खर्बुजा किन्दै सर्वसाधारण। गर्मी सुरु भएसँगै व्यापारीहरुले गाउँमै आएर खर्बुजा बेच्न थालेका छन्। *तस्बिर : रासस*

बन्द उद्योग संचालन गर्न सरकारले नया नीति ल्याउने उद्योग मन्त्रीको भनाई

टुडे समाचारदाता

नारायणगढ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विभिन्न कारणले बन्द हुन पुगेका र रुग्ण अवस्थाका उद्योग सञ्चालनका लागि सरकारले चाँडै नयाँ नीति ल्याउने बताएका छन्।

उद्योग वाणिज्य सङ्घ र कम्प्युटर एशोसिएशन नेपाल महासङ्घ, चितवनले भरतपुर महानगरपालिका-१० मा आयोजना गरेको पाँच दिने औद्योगिक प्रदर्शनी तथा सूचना प्रविधि मेलाको उद्घाटन कार्यक्रममा उनले विभिन्न समयमा बन्द भएका र रुग्ण उद्योग सञ्चालन कसरी गर्न सकिन्छ भने मिहीन ढङ्गले छलफल गरी नीति ल्याइने बताए।

मन्त्री भण्डारीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट प्रत्येक प्रदेशमा कम्तीमा पनि एउटा औद्योगिक क्षेत्र बिस्तारको कार्यक्रम ल्याइने जानकारी गराए।

उनले भने, "उद्योगी व्यवसायीले निराश हुनुपर्ने स्थिती आउन नदिन सरकार लागिपरेको छ, हामी अहिले देखिएको निराशालाई आशामा बदल्छौं।"अहिले सरकार मुख्यतः लगानी सम्मेलनमा केन्द्रित रहेको उल्लेख गर्दै भण्डारीले उद्योगी व्यवसायीले महसुस गर्ने गरी आगामी नीति तथा कार्यक्रम र बजेट ल्याइने बताए। उनले भने,

"मन्त्रालयले स्वदेशी वस्तु उपभोगसम्बन्धी नीति र 'स्टार्टअप' कार्यक्रम चाँडै ल्याउँदैछ, आन्तरिक उत्पादन बढाउन उद्योग नीति पनि समयसापेक्ष परिवर्तन गर्नुपर्ने छ।"

तीन तहका सरकारबीच नीतिगत समस्याले पनि आर्थिक गतिविधि बढ्न नसकेको उल्लेख गर्दै उनले सरकार सबै यस्ता समस्या अन्त्य गरेर अगाडि बढ्ने बताए।

मन्त्री भण्डारीले विगतका दुई लगानी सम्मेलनको अनुभवलाई आत्मसात गर्दै सरकार अहिलेको सम्मेलनलाई अझ सफल बनाउन लागिपरेको जानकारी गराए।

स्वास्थ्य बीमाबारे भ्रामक सूचनाको भर नपर्न अनुरोध

टुडे समाचारदाता

काठमाण्डु। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य बीमाबारे भ्रामक विज्ञापन तथा सूचना प्रसारणमा भर नपर्न अनुरोध गरेको छ।

मन्त्रालयले एक सूचना जारी गर्दै विगत केही दिनदेखि फेसबुकलगायत सामाजिक सञ्जालमा नेपाल सरकारको लोगो प्रयोग गरी स्वास्थ्य बीमाप्रति भ्रामक सूचना फैलिएको भन्दै त्यसमा कुनै सत्यता नभएको जनाएको हो।

सूचनामा भनिएको छ, "स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाममा विभिन्न उमेर समूहका लागि निःशुल्क स्वास्थ्य बीमा भनी भ्रामक विज्ञापन तथा

सूचनाहरु प्रसारण गरेको पाइएको छ। यस्ता सूचना/विज्ञापनमा कुनै सत्यता नभएकाले यस प्रकारका सूचना/विज्ञापनमा नहेर्नुहुनसमेत सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ।"

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले सामाजिक सञ्जालमा आएका गलत तथा भ्रामक सूचना तथा विज्ञापन प्रसारण गर्नेलाई विद्यमान कानुनअनुसार सम्बन्धित निकायमार्फत कारबाही प्रक्रिया अघि बढाइ सकिएको जानकारी गराएका छन्। उनले सर्वसाधारणलाई पनि भ्रामक सामग्रीको प्रयोग नगरी जानकारीका लागि आधिकारिक निकायमा सम्पर्क गर्न अनुरोध गरे।

वनमा हुने डढेलो नियन्त्रणका लागि सिसी क्यामरा

टुडे समाचारदाता

काठमाण्डु। वनमा भइरहेको डढेलो नियन्त्रणका लागि विभिन्न सिसी क्यामरा राख्न सुरु गरिएको छ। जङ्गलमा लाग्ने अधिकांश डढेलो मानवीय कारणले भएको भन्दै नियन्त्रणका लागि सिसी क्यामरा राख्न सुरु गरिएको हो।

चुरोट सल्काएर सलाइको काँटी तथा चुरोटको ठुटा जङ्गलमा फाल्ने, जङ्गलमा घाँस पलाउने भन्दै जानाजान आगो लगाउनेलगायत मानवीय गतिविधिका कारण जङ्गलमा आगो लाग्ने गरेको डिभिजनल वन अधिकृतहरुको भनाइ छ। सिसी क्यामरा जडान गरेर डढेलो लगाउनेलाई कानुनअनुसार कारबाहीको दायरामा ल्याउन वनविद्हरुको सुझाव दिएसँगै सिसी क्यामेरा जडान थालिएको हो।

कपिलवस्तुका डिभिजनल वन अधिकृत विजय सुवेदीले मानिसले जानाजान जङ्गलमा आगो लगाउन

थालेपछि नियन्त्रणका लागि सिसी क्यामरा जडानको कार्य अगाडि बढाइएको बताए। "हाल दुई वटा सिसी क्यामरा जडान भइरहेका छन्। अन्य स्थानमा पनि क्यामरा जडान प्रक्रियालाई प्रथिमकतामा राखेर अगाडि बढ्ने योजना बनाएका छौं", उनले भने, "यति नगरे जङ्गलमा गएर आगो लगाउने गतिविधि नै रोकिएन।

आगो लगाउनेलाई कारबाहीको दायरामा ल्याउनका लागि पनि क्यामराले सहज हुनेछ।"

नेपाल प्राविधिक सङ्घका अध्यक्ष राकेश कर्णले पनि सिसी क्यामरा जडान गरेमा डढेलो नियन्त्रणमा सहज हुने बताए। "अधिकांश वन डढेलो मानवले जानाजान लगाएका हुन्छन्, मानवीय गतिविधि नियन्त्रण गर्नका लागि पनि वन क्षेत्रमा सिसी क्यामरा जडान गर्नु उचित हुन्छ", उनले भने, "योलगायत वन व्यवस्थापनको क्रियाकलापलाई उच्च प्राथमिकता दिन जरुरी छ।"

मानिसले जङ्गलमा आगो लगाएमा कानुनी कारबाहीको व्यवस्था छ। वन ऐन, २०७६ को दफा ४९ को 'घ' मा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा सजाय हुने व्यवस्था गरिएको छ। "यस कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ", ऐनमा उल्लेख छ।

वन डढेलो व्यवस्थापन रणनीति, २०६७ ले डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायका परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिनका लागि पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ।

काठमाडौं-तराई-मधेश द्रूतमार्गको भौतिक प्रगति ३३ प्रतिशत

काठमाण्डु। रक्षा मन्त्री हरिप्रसाद उप्रेतीले नेपाली सेनालाई जिम्मेवारी सुम्पिएको काठमाडौं-तराई-मधेश द्रूतमार्ग सहित चारवटै उत्तर-दक्षिण रणनीतिक सडकको निर्माणमा विनियोजित बजेटअनुरुप शतप्रतिशत नै लक्ष्य हाँसिल भइरहेको बताउनुभएको छ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा सदस्यले उठाउनुभएको प्रश्नको जवाफमा उहाँले देशको कठिन भूगोल र दुर्गमस्थानलाई सडक सञ्जाल जोड्ने सरकारको लक्ष्यलाई सेनाले सहयोग पु-याइराखेको बताउनुभयो। मन्त्री उप्रेतीले भन्नुभयो, "सेनाको जनशक्ति तथा उपकरणको उपलब्धताको तुलनामा न्यून बजेट विनियोजन हुँदा क्षमताको पूर्णसदुपयोग हुन सकेको छैन। मुलुकको आर्थिक समृद्धि र रणनीतिक महत्वसँग जोडिएका सडक छिटो सम्पन्न गर्न मन्त्रालयले हरसम्भव समन्वय गरिरहेको छ।"

आयोजना निर्माणकार्य समयमा पुरा गरी सर्वसाधारणले छिटो लाभ प्राप्त गर्न सकुन भन्नेमा मन्त्रालय सजग रहेको बताउँदै उहाँले खोकना क्षेत्रको जग्गा अधिग्रहण, पुरक वातावरणीय अध्ययन, विष्फोटक पदार्थ र अन्य निर्माण सामग्री व्यवस्थापन चूनौतिकाबीच निर्माणकार्य द्रूतरुपमा अघि बढिरहेको जनाउनुभयो।प्रधानसेनापति प्रभुराम शर्माले सेनाको व्यवस्थापनमा निर्माणाधिन आयोजना कावुबाहेक निर्धारित समय र तोकिएको बजेटको सीमाभित्र पुरा गर्ने दृढता ब्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "केही विधि र प्रक्रियाकोकारण बाहेक पूर्वनिर्धारित लक्ष्यअनुरुप नै प्रगति हासिल भाएकोछ, काबुबाहिरको परिस्थितिबाहेक आयोजना समयमै पुरा हुन्छ, प्रेरणा दिने र आत्मवल बढाउने काम गरौं, शंका नगरौं।"पुल र सुरुङ निर्माणलाई गुणस्तरीय तुल्याउन सेना अरोरात्र खटिएको बताउँदै प्रधानसेनापति शर्माले हालसम्म विनियोजित बजेटअनुरुप काम गर्न सफल भएकाले तोकिएको समयसीमा भित्र पुरा हुनेमा विश्वस्त छौं भन्नुभयो। करिव ७१ किमी दुरीको काठमाडौं-तराई-मधेश द्रूतमार्ग(फाष्ट ट्र्याक)का हालसम्म ३३ प्रतिशत भौतिक र वितीय प्रगति हासिल भएको सो अवसरमा जानकारी दिइयो।

निर्माणलाई १३ समूहमा विभिजन गरी आयोजना अघि बढाइएकामा प्रस्थान विन्दुक्षेत्र खोकनाबाहेक अरु क्षेत्रको काम भकाभक अघि बढिरहेको जानकारी दिइयो। त्यस मार्गमा बनाइनुपर्ने छ वटा सुरुङमध्ये तीन वटाको निर्माण समग्रमा ७६ प्रतिशत प्रगति हाँसिल भएको बताइयो। आयोजनाका लागि हालसम्म ३० हजार ५९१ रुख कटान गरिएकामा एक रुख बराबर २५ कादरले पाँच लाख विरुवा रोपेर हुर्काउने कामसमेत भइरहेको सेनाको भनाइ छ। केही रुख कटान, केही जग्गा अधिग्रहण, मुआब्जा वितरण लगायतका समस्या भने सुल्झाउन बाँकी नै रहेको जानकारी दिइयो।

रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले राजनीतिक, धार्मिक र सांस्कृतिलगायतका विभिन्न विषयबस्तुसँग गाँसिएको रणनीतिक महत्वको आयोजनालाई तीव्रगतिमा अघि बढाउन समयमै प्रयाप्त बजेटको अभावमा श्रोत, जनशक्ति र उपकरणको पूर्णरुपमा सदुपयोग हुन नसकेको प्रतिक्रिया दिनुभयो।वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालले मुलुकको सर्वाधिक प्राथमिकता प्राप्त आयोजना समयमै सम्पन्न गर्ने सेनाको प्रयासमा मन्त्रालयका तर्फबाट हरसम्भव सहयोग र समन्वय भइरहेको विश्वास दिलाउनुभयो।

सेनाको व्यवस्थापनमा निर्माण भइरहेका रणनीतिक महत्वका चार वटा उत्तर-दक्षिण सडकको समग्र प्रगति भने ८८ प्रतिशत रहेको पनि सो अवसरमा जानकारी दिइयो।भौतिकपूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले मुलुकको रणनीति महत्वको द्रुत मार्गलगायतका उत्तर-दक्षिण सडक कोरिडोर मन्त्रालयको प्राथमिकतामा रहेको बताउनुभयो।यसअघि बैठकमा सेनाको तर्फबाट द्रुतमार्ग र रणनीतिक महत्वको उत्तर-दक्षिणका चार वटा सडकको हालसम्मको कार्यप्रगति, कठिनाई र चूनौतिबारे समितिलाई जानकारी दिइयो।

नेपाली सेनाका सहायकरथी विकास पोखरेलले द्रुतमार्गका लागि अधिग्रहण गर्नुपर्ने १५ हजार ४१६ रोपनी जग्गामध्ये ३९२ बाँकी नै रहेको तथा प्रस्थान विन्दुमा देखिएको समस्या सुल्झाउन विभिन्न ६ विकल्पमा अध्ययन भइरहेको जानकारी दिनुभयो।सेनाले विभिन्न कानुनी, नीतिगत, प्रक्रियागत कार्य र भौगोलिक चूनौतिकाबीचमा पनि आफनो नेतृत्वमा अघि बढिरहेका आयोजनालाई समयमै पुरा गर्न दिलो ज्यान र सम्भव भएसम्मको ज्ञान प्रयोग गरी पारदर्शी ढङ्गबाट लक्ष्य बमोजिम काम भइरहेको जनाएको छ। करिव रु दुई खर्ब ११ अर्ब ९४ करोडको लागतमा अघि बढिरहेको द्रुतमार्गमा हालसम्म रु ५७ अर्ब खर्च भइसकेको जानकारी दिइयो।

यसअघि बैठकमा सदस्यले आयोजनासम्बन्धी आएका विभिन्न टिक्का टिप्पणी, प्रगति र सुल्झाउन पर्ने अड्चनबारे जिज्ञासा राख्नुभयो। बैठकमा सभापति रामहरि खतिवडाले मुलुकको आर्थिक विकास र समृद्धिसँग प्रत्यक्ष सरोकार जोडिएका कोरिडोर र द्रूतमार्ग समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजनका लागि समितिले सरकारलाई निर्देश गरेको बताउनुभयो। यसअघि समितिले सेनासँग गत पुसमा ती आयोजनाकाबारेमा जानकारी लिएको थियो। विसं २०७४ जेठमा शिलान्यास भई २०७६ असोजबाट कार्य प्रभारम्भ भएको द्रुत मार्ग आगामी २०८३ चैतसम्ममा निर्माण पुरा गर्ने गरी सेनाको व्यवस्थापनमा अघि बढिरहेको छ।रासस

> मन्त्री उप्रेतीले भन्नुभयो, "सेनाको जनशक्ति तथा उपकरणको उपलब्धताको तुलनामा न्यून बजेट विनियोजन हुँदा क्षमताको पूर्णसदुपयोग हुन सकेको छैन।

सांसद खानद्वारा पद तथा गोपनियताको सपथ

टुडे समाचारदाता

काठमाण्डु। सभामुख देवराज घिमिरले नवनिर्वाचित सांसद हसिना खानलाई पद तथा गोपनीयताको सपथ गराएका छन्।

सिंहदरबारस्थित संसद सचिवालयमा शुक्रबार आयोजित कार्यक्रममा सभामुख घिमिरले प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित सांसद खानलाई पद तथा गोपनीयताको सपथ गराएका हुन्। सभामुख घिमिरले सांसद खानलाई सांसद अङ्कित प्रतीक चिन्ह (लोगो) र खादा ओडाएर बधाई ज्ञापन गरेका थिए।

सङ्घीय संसदको कानुनबमोजिम कुनै पनि नवनिर्वाचित सदस्यले बैठकमा भाग लिनु अघि सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्ने कानुनी व्यवस्था छ। सो अवसरमा सचिवालयको तर्फबाट सङ्घीय संसदका महासचिव पद्यप्रसाद पाण्डेयले बधाई तथा शुभकामना व्यक्त गर्दै संसद सचिवालयद्वारा उपलब्ध गराउने नेपालको संविधान, संसद नियमावलीलगायत अन्य कानुन कागजातहरु उपलब्ध गराए।

सांसद खान जनता समाजवादी पार्टीबाट निर्वाचित हुनुभएको हो। केही समयअघि सो पार्टीका मञ्जु अन्सारी शर्माको निधन भएपछि सांसद खान निर्वाचित भएको जानकारी निर्वाचन आयोगले संसद सचिवालयलाई जानकारी गराएको थियो। स्नातक तहसम्म अध्ययन गरेकी सांसद खान २९ वर्षकी छिन। सांसद खानले भनिन्, "सांसदलाई कानुन तोकेको जिम्मेवारी पूरा गर्न र खासगरी महिलाको मुद्धा प्रभावकारी रुपमा उठाउने प्रयन्त गर्नेछु।"

रुपन्देहीको रोहिणी गाउँपालिका-२ पोखरभिन्दीमा जन्मेकी सांसद खान अहिले बाँकेको डुडुवा गाउँपालिका-३ बाट प्रतिनिधित्व गर्छिन्। उनी रुपन्देहीबाट विवाह गरेर बाँके गएकी हुन्। सांसद खानको अहिले बाँके कार्यक्षेत्र रहेको छ।

HELVETAS NEPAL

VACANCY ANNOUNCEMENT

Reintegration of Returnee Migrant Workers (ReMi) Project, Phase I

Reintegration of Returnee Migrant Workers (ReMi) project is a bilateral initiative of Governments of Nepal and Switzerland. The project contributes to the social and economic reintegration of returnee migrant workers in Nepal. The project is implemented by Ministry of Labor, Employment and Social Security; provincial line ministries and local governments in Koshi and Madhesh Provinces(visit https://remi.org.np/ for more information). Helvetas Nepal as Technical Assistance provider to the project invites applications from committed and experienced Nepali citizens for the following positions:

1. Finance and Administrative Officer (1)

Job purpose: Manage all financial, administrative, human resource and logistics management of ReMi PPSU in Madhesh province. Follow up on financial budgeting, monitoring, and reporting of provincial line-ministry and working local governments in Madhesh province. Ensure compliance to all relevant policies and procedures, including of Helvetas Nepal, SDC and Government of Nepal. Support Finance & Administration Manager, as required, in human resource management, budgeting, fund flow, financial/audit reports of partners and any other duties.

Required Education, Experience and Social competencies: Bachelor's degree in Business Administration/Management, Commerce. Minimum 3 years of working experience in finance/accounting, administration in a similar position preferred in I/NGOs. Experience working on Public Financial Management with provincial and local government will be an added value. Commitment towards gender equality, social inclusion, and poverty reduction.

2. Program Officer- Inter Government Coordination (1)
(Only female candidates)

Job purpose: Support province and local governments to implement the project in close collaboration with Employment Service Centres (ESCs) and support them to develop and implement reintegration strategies/guidelines, yearly plans of operation, and allocate funds for social and economic reintegration of returnee migrant workers in a coordinated manner. Support to overall management of the project for the accomplishment of project objectives and targets as stipulated in the project document. Support project monitoring, evaluation, documentation, and reporting. Support mobilization and capacity building of network/cooperatives to provide sustained reintegration services to returnee migrant workers, their families, and communities.

Required Professional Education, Experience and Social Competencies: Bachelor's degree in Development Studies, Economics, Development Cooperation or in any relevant discipline. Minimum 3 years of working experience in collaborating with local and provincial government actors for implementation of social, economic and/or human rights development projects/ programs. Demonstrated experience working with local governments including ESCs, Migration Resource Centers, and/or with returnee migrants, will be an added value. Prior work experience at the federal, provincial or local level Government system and/or in labor migration sector will be an advantage. Commitment towards gender equality, social inclusion, and poverty reduction.

Duty Station for both positions : ReMi Province Project Support Unit Madhesh Province
Duration for both positions: Till 15th July 2026 (with possibility of extension).
Salary and Benefits: As per the rules and regulation of Helvetas Nepal.
Application Procedures: Interested candidates who meet above requirements are requested to visit our website at http://apply.helvetas.org.np and submit application through online portal. Detail job descriptions are available on the website.
Telephonic inquiries and/or attempts to apply undue influence will result in the disqualification of candidates from the selection process.Only short-listed candidates will be contacted for the selection process. Helvetas Nepal reserves the right to reject any or all applications without assigning any reasons.
Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women, Dalit, Janajati, Madhesi/Terai, and other minority communities).

Deadline for submission of application: 6th May 2024

जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

।। गजल ।।

मैले हरे विरामीको त्यो हाल बैग्लै थियो...।
दर्द ले तड्पे रहेको मान्छै काल बैग्लै थियो...।
संसार मा नाम बनाउने त्यो सपना टुट्दै ..
मृत्युको भयले त्यो रात बैग्लै थियो...।
एक छिन मै उज्यालो गर्ने दियो निभ्छ....।
उसको कहानीको आकार बैग्लै थियो...।
रगत उसको जिवन, रगतकै खोजीमा थिए म
न सोध कहानी अन्तिम रातको त्यो रात बैग्लै थियो...
दुई बजे रातीमा भेट्यो मानवता, रक्तदाता ...
बच्यो उसको जिवन त्यो भगवान बैग्लै थियो...।
मेरो रगत बाट बाँच्यो कसैको जिवन सुनेर...
देवता स्वरुप रक्तदाताको अनुहारमा मुस्कान बेग्लै थियो।
आजै शनिबार जनक चौकमा हुँदैछ रक्तदान कार्यक्रम
रक्तदानमा सहभागि भई गरौ रक्तदान हेरौ सम्मान बैग्लै हुन्छ

बलराम गुप्ता
जनकपुरधाम ११

।। नव बर्ष ।।

नयाँ नयाँ खुशी आयो ।
नयाँ उमङ्गका साथ ।।
नयाँ सालमा लाग्छ मलाइ।
सबैको जिवनमा हुन्छ सुख समृद्धिको बर्षात ।।
नयाँ कलिला बोटबिरुवा झैँ ।
सबैको जनजीवनमा आओस् परिवर्तनको उल्लास ।
सुर्य झैँ अमर अटल रहोस मिहिनतका विशवास ।।
सारा संसार लडडै छन सङ्घर्षका लडाइमा ।
सफलत एक दिन पाउने नै हो ।
आफना लक्ष्यका रोजाइमा ।।
दौडिरहेको छु भग्यले बनाएको मिलो मिटर दौरमा ।
नयाँ बर्षले पुर्याउने हो साफलताको मौरमा ।।
नयाँ बर्षका नयाँ दिनमा ।
नयाँ उपलब्धी मिले पुग्छ ।।
दिन रात समय त्यही रहे पनि ।
दुःख कष्ट मनमुटाव हटे पुग्छ ।।
साथी दाजु भाइ आफन्त रहने हो वरिपरि ।
चाड पर्व व्रतबन्धमा भेटने हो घरिघरी ।।
तमाङ्ग गुरुङ शेर्पा मगर जात थरी थरी
नयाँ बर्ष मनाउछून थिनी महिना हेरिफेरी ।।

लेखक :- अनित कुमार मण्डल
जनकपुर लोहना - ३५

।। कंप्यूटर इंजीनियर का एक दिन ।।

मध्यरातको कोमल उज्यालोमा,
कम्प्युटर इन्जिनियरको दिन सुरु हुन्छ।
संहिताको पङ्क्तिको गनगनमा,
तर्कको तर्कक्षेत्रमा, विचारहरू उडाउँछन्।
बिट्स र बाइट्स, मन को नृत्य,
एल्गोरिदमले कथाहरू बताउने जस्तै।
लूप र शाखाहरू मार्फत,
कोडको संसारमा, सपनाहरू खुवाउँछन्।
डिबगिङ देखि मीठो विजय सम्म,
आफ्नो आकांक्षा पूरा गर्छन,
बिजुलीको उज्यालोमा, ज्ञानको धारामा,
कम्प्युटर इन्जिनियर, उनको दिन खुसीले भरिएको छ।

लेखक विवेक साह
जनकपुरधाम ४, डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (५ सेमेस्टर)

।। हाम्रो मित्रता सधै को लागि ।।

हाम्रो मित्रता सधै को लागि,
सुनौलो रहन्छ जस्तो प्रेमको साग।
खुसी र दुःखमा हात बढाउने,
साथी हाम्रो हौसला बढाउने।
अज्ञात राहमा साथ दिन्छ हामी,
मानिसहरूको जीवनमा रमाई।
समय बिताउँदा, यादहरू सजाउँछ,
हाम्रो मित्रता सधै चमकाउँछ।
चाँडै रहन्छ हाम्रो यो बन्धन,
साथी हाम्रो, आत्मा को संगठन।
मिली चलेको यात्रा, हरेक कदममा,
हाम्रो मित्रता, सधैं अमृतको प्यालामा।

लेखक : बबलु शर्मा

'मुटुको अवाज'

एउटा चोट दिलमा गहिरो दिएर गयौ,
मानौ मृत्यु दण्ड दिएर गयौ ।
यो साचै हो कि यो चोट कहिले भरिने छैन ,
दिल चाहेर पनि कसैलाई मन पराउने छैन।।
हो तिम्रो बियोगमा यो संसार बिरानो लागि रहेछ ,
मेरो पीडा सुनिनेहरुलाइ यो मात्र एउटा कहानी लागी रहेछ।
चोट अहिले पनि उस्तै छ र उस्तै रहनेछ ,
देख्नेहरुलाइ त मेरो छोट पनि पुरानै देखिरहेछ।
यस्तो कुनै दिन , कुनै पहर , कुनै पल जादैन जसमा
मलाई तिम्रो याद आउदैन ।
निन्द्राबाट आपसी कलह जस्तो भइरहन्छ ।
मुटुमा स्वासको अभाव भइरहन्छ।
अब अर्कैले छुने छ तिमीलाई यो सोचेर मरिरहछु।
हिमालबाट छुटेको पानी जस्तै पल-पल बगिरहेछु।।
मनमा खेलेको कुराहरु लेखी रहनछु र रात भरी त्यसलाई
पढिरहन्छु।
यदि मेरो याद तिमी बिर्सिन लागि रहेछौ ।
आफ्नो जीवन नयाँ मान्छे संग बसाउन गइ रहेछौ।
भयो भने मलाई मेरो मायाको दान दिनु
आफनो छोरालाई मेरै नाम दिनु ।।।

लेखक : करन मण्डल धानुक
ठेगाना : हंसपुर न.पा ५ मोरहा रुदौली

।। नँया भावना ।।

जातीय वर्गीकरण को कारण हिन्दू धर्म दोधारी तलवार बनेको छ
धर्म परिवर्तन को सिलसिला जारी छ
कयौँ क्रिश्चियन बने त धेरै बुद्धिष्ट रोजे
कयौँ मुस्लिम ले हिन्दूलाई घर भिर्त्याए
हिन्दुत्व बचाउन अन्तर्जातीय विवाहमा ध्यानाकर्षण गर्नुपर्दछ
आपसी सहयोगले हिन्दुभित्रका उन्नत जात र तल्लो जात को
निर्ममता पूर्वक भेद लाई टुर्क्याउ
धर्म परिवर्तन को सिलसिला जारी छ
धर्मले वर्तमान समयमा धैर्यलाई डगमगाउँदछ
शिक्षाले जीवन्त विश्वासलाई मजबुत बनाउँदछ
जातीय उत्पीडन ले कठोर जिउने शैली दर्शाउँदछ
शिक्षाले जिउने शैली फेर्दछ
धर्मको आडम्बरले गरिबीलाई निम्त्याउँदछ
धर्म एउटा धारणा हो धारण गर्ने चिज होइन
बुद्ध एउटा वास्तविक चरित्र अवतार हो
भीम एउटा वास्तविक शिक्षाको पुरस्कार हो
बाँच्नलाई शिक्षित तालिम र रोजगारी नै जरुरी छ
विभिन्न धर्म र असंख्य जातजातिका बाहुल्यता भएको हाम्रो देश
नेपाल स्वतन्त्र र सुमाधुर हुनुपर्दछ
एक आपसमा भाइचारा तथा शिक्षित तालिम र रोजगारी नै
सर्वथा मनुष्यको आवश्यकता छ
नयाँ वर्षको शुभकामना जनभावनाको पुकार

प्रमोद राम
जनकपुर धाम ५

।। को दोषी ।।

तिम्रो महल , मेरै फुलावारिले चलेको होइन र
तिम्रो सुनको महल , मेरै नुनको वोराले चलेको होइन र
तिम्रो त्यो हिरा जस्तो महंगो गाडी , मैले खाडीको खरानीमा
काम गरेर चलेको होइन र
तिमीले म सँग लिएको भाडा (कर) , तिमीले राजनीतिक
खेलको अखडामा उदाएको होइन र (चुनाव)
तिमीले मलाई रीतोमा राखेर , तिमी आफ्नो काम सीतोमा
निकालेको होइन र
यति हुँदाहुँदै
तिमीले मलाई हराएको सपना सबै झुठो र असंखा पद थिएन र
अन्तत दोषीको तिमी कि म बुझिन गाढो भएन र

अजय यादव (स. वि कान्छा दाई)
शाहिदनगर नगरपालिका वडा नं ७ (यादव टोल धबौली)

।। गजल ।।

आहाके मुसकानके पाछा हमर मुसकान छै छुपल
अहीके यादमे भइर राइत छि उठल
तइयो एक ओ बेर याद हमरा नै केलियैइ
पता नैइ कैइला हमर करम छै फुटल

लेखक: सुशान्त अभिषेक
ठेगाना:जनकपुर धाम-४ धनुषा,नेपाल

।। मिथिला वर्णन ।।

हम मिथिलाके बासी
हमर मिथिला अछि महान
हम बंजर खेत जोइत उब्जबै छी
मरुवा मकै गहुम आ धान
सबभक पेट भरै छी हम छी किसान
हम करै छि मिथिला के गुन गान
हमर धर्ति अछि पावन भुमी
जनकपुर धाम
यहि धर्ति पर छै बड बड विद्वान
भोर साँझ जपै अछि सब सिता राम
एक तरप हिमाल पहाड़ छै
दोसर तरप मधेश
अनेक रंग के भाषा छै
अनेक रंग भेष
तैय त कहबै छै ई मिथिला मधेश
यतके हावा पानी छै बहुत निक
तैयत चिरैयौ चुनमुन गबै छै
मिथिला मधेशक गीत
अतके खान पान दाइल भात तरुवा तिलकोर
तैयत मिथिला के बौवा छै गोर

धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार, दोहा कतार

।। हिन्दु आ हिन्दु धर्म ।।

इ धर्म हमर अइ प्रकृत अइ पर हमरा अभिमान अइछ
नइ काट छाट होइय अइमे तैपर हमरा गुमान अइछ।
सनातन धर्म के शक्ति देख सब भाइ भाइ आ बन्धु छि
इ हे त स्वमी विवेकानन्द जी कहलखिन गर्भ स कहु हम हिन्दु
छि।
हनुमान जी के सुमिरन करि सब राम जी के दाया अइछ
पाप मिटत अयोध्या जाक सब शिवशंकर के माया अइछ।
युग राम राजके चैल एलै सब सजु आ सबैर जाउ
जकरा अइ स आपत्ति हुवे वो पानीमे डुइबक मैर जाउ।
हमर राम के नै साधारण समझब,
इ आइग जरेलकै लंकाके
इहे आइग जरायत बिद्रोही सबके, मिटायत सबहक मनक संकाके ।
राम हमर अइ प्रतापी राजा
सबके नैया पार करत
जे काल्पनिक कहब रामके
वो स्वयं के पहिले प्रमान करब।
बसुधैब कुटुम्बकम मानबाला सब के राम सिखने आइछ
जब बात आइत हमर राम के उपर, तब संहार करके सिखने अइछ।
शंकर आबतारी हनुमान जी हमर सबके अभिमान अइ
गर्भ स कहु हम हिन्दु छि इ अपन सबके पहिचान अइछ।
सनातनि नारी के कमजोर नइ समझब इहे दुर्गा आ काली आइछ
जे हिन्दु भक हिन्दु के गरियाबे ओ हिन्दु के नाम पर गाली अइछ।
हिन्दु नारिके स्वाभिमान के लेल येत घटल माहाभारत सन काण्ड अइछ
अपना जित स सबके सबक सिखाक हिन्दु हिलौने पूरा ब्राह्मण्ड आइछ।
रुप कख्नो नर नारीके धक पृथ्वी के देवता बनौने केन्द्र बिन्दु अइछ
गर्भ स कहु हम सनातनि छि धर्म हमर हिन्दु अइछ।

लेखक : अंकित पाठक
शहिदनगर न पा -०१ टोल बेमरखि

।। रोदन ।।

मैले रुन बिर्सिए पछी
हास्न बिर्सिएछु ।
आखिर कुन सजिलो रहेछ खै ?
रोए पछि हास्न
वा, हासे पछी रुन ।
कोही अरुलाइ रुवाएर आशु कवी बने ।
कोही अरुलाइ हसाएर हासो कवी बने ।
मलाइ
तपाइ
अर्ध हास्य र अर्ध शोक कवी भन्न सक्नु हुन्छ ।
किनभने
म हासेपछी पनि रोएको छु ।
रोएपछी पनि हासेको छु ।
कहिले रुदा रुदै हासेको छु ।
कहिले हास्दा हास्दै रोएको छु ।
तर अब मैले रुन बिर्सिसके ।
किनकि मैले हास्न बिर्सिसके ।
न त अब रुन सम्भिने छु ।
न त हास्न सम्भिने छु ।
मैले मलाइ रुवाउने पलहरुलाइ सम्झने छैन ।
मलाइ हसाउने पलहरु मेरो सम्झनामा छैनन ।
मैले रुन बिर्सेको छु ।
त्यसैले हास्न बिर्सेको हुँ ।

बरुण बस्याल (अधिकारकर्मी)
पाल्पा

।। गजल ।।

अवाज अछि दमदार गजल सुनबै छी ओके
शब्द पर करब बिचार गजल सुनबै छी ओके
देशक अस्तित्व लूटी मांगे न्याय लूटेरा सब
हमहुँ छी बेरोजगार गजल सुनबै छी ओके
ककरा कहिँ के सुनतै हार-गुहार औ पुलिसजी
अहुँ छी ओकरे रखबार गजल सुनबै छी ओके
आस, विश्वास टूटी गेल उम्मेद सेहौँ छुटी गेल
नइ अछि आस सरकार गजल सुनबै छी ओके
नित दिन नोर बहैत "नेपाल" म्या कैँ आँखि'स
गप्प त७ अहाँके हजार गजल सुनबै छी ओके

उदगार यादब
मिथिला विहारी नगरपालिका
सिरसिया-६

।। गजल ।।

म मुटु भए तिमी खुन बन्नु ल ।
म तारा भए तिमी जून बन्नु ल ।।
पवन बादल हाम्रो यादमा गुञ्जियोस् ।
म गजल भए तिमी धुन बन्नु ल ।।
प्रेमप्रतीक बहुमूल्य आभूषण जनाउने ।
म चाँदी भए तिमी सुन बन्नु ल ।।
पिरतीको स्वाद कहिल्यै फिका नहोस् ।
म मसला भए तिमी नुन बन्नु ल ।।
तिमीलाई पाउन कहीँ संसारसँग लड्दै ।
म घायल भए तिमी चूर्न बन्नु ल ।।
म मुटु भए तिमी खुन बन्नु ल ।
म तारा भए तिमी जून बन्नु ल ।।

लेखक:- राम 'रुद्राक्ष' मण्डल
ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल ।

'सँजु'

दुनियाँ को चारै तिर देख्छु बादल कालो ,
जिन्दगीको हर मोडमा पाउँछु चोट आलो !
थियो इच्छा आकाश पुगी चन्द्रमालाइ छुने ,
बिच मा आइ छेकीदीयो बिछोड को जालो !
अधुरो भो कथा मेरो चोखो माया पाउने ,
गइ रहन्छ घरि घरि मुटु मा भुइं चालो !
नयन मेरा खोजी डुल्छन्,उनीलाइ नै सँधै,
छोडि गइन् टाढा उनी एक्लो भो अँगालो !
गाह्रो भयो सँझाउन ,रोएको यो मनलाइ ,
पक्कै आउला कुनै दिन उनले रूने पालो !
आँखा भरी बियोग को बादल ढाकिएर ,
हाँसिराको सेतो हिमाल पनि देख्छु कालो !
पृथ्वी को चारै तिर देख्छु बादल कालो !
दुनियाँ को चारै तिर देख्छु बादल कालो !

यू.बि. सँजय कुमार यादव (सँजु)
राजर्षि जनक क्याम्पस (BBS)
ठेगाना: मुखियापट्टी मुसहनिया गा.पा.-०५(नवटोली)

।। कहिले न बिर्सिनु मलाई ।।

कहिले न बिर्सिनु मलाई,
जीवनको ती रमाइलो क्षणहरू,
ती अनमोल स्मृतिहरू जो छाएर बस्छन्,
अरु सबै छुट्टिएर पनि।
सपनाहरूको संगी हामी,
प्रेम र प्रेमको गहिरोता,
जीवनको सबै रुचिको क्षणहरू,
अनमोल छन्, नभुल्नु हामीलाई।
आजको हस्तीमा, भविष्यको आशा,
बीतेको कलको यादहरू सँग,
समयको बदली जाने रंगहरू,
सुन्दर छन्, ती अविस्मृत हुनुहुन्छ।
तपाईं भन्नुहुन्छ किन न हेरौं,
किन न स्पष्ट गरौं महत्त्वपूर्ण क्षणहरू,
किन न रमाउनु ती मीठो यादहरू,
कहिले न बिर्सिनु मलाई, यो म सोच्छु।

लेखक रश्मी दनुवार

कोशी प्रदेशमा सङ्कल्प प्रस्ताव बहुमतले पारित

टुडे समाचारदाता

विराटनगर । कोशी प्रदेशसभाको बैठकमा सङ्कल्प प्रस्ताव बहुमतले पारित भएको छ । शुक्रबार बसेको बैठकमा सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गरेको सो सङ्कल्प प्रस्ताव बहुमतले पारित भएको हो ।

प्रदेशसभा नियमावली २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले बिहीबार प्रदेशसभामा सो सङ्कल्प प्रस्ताव पेस गरेका थिए । प्रस्तावलाई सभामुखले मत विभाजन गरी निर्णयार्थ प्रस्तुत गरेका थिए। उनले प्रस्तावका पक्षमा ५२ जना, तीन तटस्थ र विपक्षमा रहने सदस्यहरु सहभागी हुन नचाहेकाले प्रस्ताव बहुमतले पारित भएको ब्यहोरा पढेर सुनाए ।

इन्द्रबहादुर आङ्बो, नारायणबहादुर मगर, गोम्बू शेर्पा, गीता तिमल्सिना, सपना दर्जी, लीलाबल्लभ अधिकारी, कमला दर्नाल, विदुरकुमार लिङ्थेप, तिलचन पाठक र निर्मला लिम्बूले सङ्कल्प प्रस्तावको समर्थन गर्दै मुख्यमन्त्रीले मार्ग प्रशस्त गर्नुपर्ने वा विश्वासको मत लिनुपर्ने बताए । छलफलकै क्रममा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) संसदीय दलका नेता राजेन्द्रकुमार राई सङ्कल्प प्रस्तावको समर्थन नगरे पनि मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिई संविधान पालना गर्नुपर्ने बताएका थिए ।

बैठकमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य खगेनसिं हाङ्गाम र विनोद राईले प्रस्तावकर्तालाई प्रदेशको विकास, समृद्धि र गरिबी निवारणका निम्ति सङ्कल्प प्रस्ताव ल्याउन आग्रह गर्दै उक्त प्रस्ताव फिर्ता लिन आग्रह गरेका थिए। छलफलमा उठेका विषयमा मुख्यमन्त्री केदार कार्कीले आफूले ८६ जनाको विश्वासको मत प्राप्त गरेको बताए । आफूले प्रक्रिया पूरा गरी विश्वासको मत लिएको उनको भनाइ थियो ।.संवैधानिक सङ्कटबाट पार लगाउन र राजनीतिक निकास दिन आफू मुख्यमन्त्री बन्दा संसद् विघटन हुनबाट जोगिएको स्मरण गराउँदै मुख्यमन्त्री कार्कीले प्रदेश सरकार थोरै समयमा धेरै जनहितका काम गरेकाले सङ्कल्प प्रस्ताव फिर्ता लिन आग्रह गरेका थिए ।

उनले संविधान र विधान पालना गर्ने प्रतिबद्धता जनाउँदै आफ्नै नेतृत्वमा सर्वदलीय सरकार बनाई प्रदेशको बृहत् हितमा काम गर्न अपिल गरे । मुख्यमन्त्री कार्कीले आफूले संविधान र कानुनअनुसार नै काम गरेकाले सङ्कल्प प्रस्ताव फिर्ता लिन आग्रह गरेका थिए ।

सरकार गठन र विघटनका शृंखलाले देश विकासमा अवरोध भएको छः रामशङ्कर यादव

काठमाण्डु। अहिले वैदेशिक रोजगारीमा जाने युवाको ताँती छ। युवा पलायन रोक्न देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न जरुरी भएको छ । 'आफ्नो देश छाडेर परदेश नजाऊ' भन्न राज्यले उनीहरूलाई परिवार पाल्न सक्ने रोजगारीको व्यवस्था गर्न सक्नुपर्छ । सरकार गठन र विघटनको शृंखलाले देशको विकास प्रयासमा अवरोध भएको छ । जनताले राजनीतिक स्थायित्व विकास चाहेका छन् । देश र जनताको हित गर्ने राजनीतिक पार्टीलाई सत्तामा पुग्नेगरी मत दिनुपर्छ । अनिमात्र देशको विकासमा ती दलले काम गर्ने वातावरण बन्छ।

हामीले अङ्गीकार गरेको संसदीय अभ्यास सैद्धान्तिक रूपमा मलाई ठीक लागेको छ । यद्यपि कतिपय व्यावहारिक पक्षमा अझै सुधारको खाँचो छ। सदनभित्र हामी जरुरी विषयलाई थाँती राखेर अनावश्यक कुरामा बढी केन्द्रित भएको देख्छु । सदनभित्र सांसदहरूले कानुन बनाउने विषयमा बढी ध्यान दिनुपर्छ । तर कानुन अलपत्र परेको देख्दा सांसदको नाताले आफैँलाई हीनताबोध हुन्छ । पछिल्लो निर्वाचनपछि संसद्का तीनवटा अधिवेशन बसिसके, तर संसद्बाट जम्मा चारवटा कानुन पास भयो । सांसदको काममा कमी भयो। सांसदहरूको मनोबल नै कमजोर भएको छ । सांसदले शून्य र विशेष समयमा जनताका आधारभूत कुरा राख्छन्, तर ती कार्यान्वयन हुँदैनन् ।

राजनीतिमा म पनि धेरै समयदेखि क्रियाशील छु । तैपनि पहिलोपटक प्रतिनिधिसभा सदस्य बनेको हुँ । देशका ठूला राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले मुलुकका लागि जेजति गर्नुपर्ने हो त्यो गर्न सकेको देखिँदैन । देश र जनतालाई भुलेर आफ्नो स्वार्थका लागि अलि बढी काम गरेको जस्तो देखिन्छ । नेताहरूमा नैतिकता हुनुपर्छ । भ्रष्टाचार न्यूनीकरण नभएसम्म देश बन्दैन ।

राजनीति कमाउने पेसा होइन, यो समाजसेवा हो । सांसदहरूको पनि सोच अलि फरक छ। आफ्नो क्षेत्रमा बजेट लिएर जान पाए जनता खुसी हुने थिए भन्ने हरेक सांसदको सोचाइ हुन्छ। जनताले भोट दिएर जिताएका सांसदलाई विकास निर्माणको काम गर्नुपर्ने पनि जरुरी हुन्छ । जनताले विकासकै कामको आशा गर्छ । के-के विकास गर्यो त ? त्यो नै प्रश्न हुन्छ। ठूला नेता, प्रभावशाली सांसदले आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माणका लागि धेरै बजेट लैजाने गलत प्रवृत्ति हाबी छ ।सिराहा जिल्ला पञ्चायती व्यवस्थादेखि नै विकास निर्माणमा पछि परेको छ । त्यहाँको मुख्य समस्या खानेपानी र सिँचाइ हो। हामीजस्ता साना सांसदको जिल्लामा बजेट नै दिइएन। यसबाट जनतामा निराशा छ। खेतीबालीका लागि उर्वर यस क्षेत्रमा सिँचाइ अभाव किसानले भोग्नुपरिरहेकै छ। तर हाम्रो कुरा सुनुवाइ भइरहेको छैन । आगामी बजेटमा सरकारले सिराहाको विकासका लागि केही गर्छ कि ?

हामी नेपाली स्वाभिमानी छौँ । सङ्घीय व्यवस्था उपयुक्त व्यवस्था हो । यो व्यवस्थालाई खराब भन्न मिल्दैन । यो व्यवस्थामा अन्याय, भ्रष्टाचार, अनियमितता रोक्न जनता नै जाग्नुपर्छ । दलीय प्रणालीमा 'ह्वीप' जारी हुन्छ । सांसदले समर्थन गर्न मन नभए पनि गर्नुपर्ने बाध्यता हुन्छ। संसदीय व्यवस्थामा प्रधानमन्त्री देशका लागि समर्पित हुनुपर्छ । कर्मचारी संयन्त्र पनि स्वच्छ छविको हुनुपर्छ। अनिमात्र देशमा सुशासन प्रत्याभूत हुनसक्छ।

सांसद रामशङ्कर यादवको जन्म २०१८ साल असोज १४ गते सिराहा जिल्लामा भएको हो। नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट प्रत्यक्ष निर्वाचित सांसद यादव २०५६ सालदेखि राजनीतिमा सक्रिय हुनुहुन्छ । विसं २०७८ मा एमाले केन्द्रीय सदस्य र राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य हुँदै २०७९ मङ्सिर ४ को निर्वाचनमा उहाँ सिराहा क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो ।रासस

एमाले प्रतिनिधि परिषद् बैठकको तयारी पूरा

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)को राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकको तयारी पूरा भएको छ।

ललितपुर, च्यासलस्थित एमाले मुख्यालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सबै तयारी पूरा भएको जानकारी दिनुभयो । उहाँका अनुसार बैठकमा महाधिवेशन परिषद् सदस्य दुई हजार ७३ र तीन सय ८१ जना गरी कूल दुई हजार चार सय ५४ जना सहभागी हुनेछन् ।

परिषद् बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक र महासचिव शङ्कर पोखरेलले साङ्गठनिक प्रतिवेदन प्रस्तुत गर्नु हुनेछ। यसैगरी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद्ले पनि प्रतिवेदन प्रस्तुत गर्ने छन्। पत्रकार सम्मेलनमा महासचिव शङ्कर पोखरेलले मुलुकको आवश्यकता, जनचाहनाअनुसार राजनीतिक स्थायित्व, दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई सुनिश्चित गर्ने बलियो, सुदृढ र निर्णायक राष्ट्रिय शक्तिका रुपमा एमालेलाई विकसित गर्न परिषद् बैठकले स्पष्ट दिशानिर्देश गरी निर्णायक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

एमालेलाई कसरी अगाडि बढाउने निर्क्यौल गर्ने र राष्ट्रिय राजनीतिलाई सही दिशामा अगाडि बढाउने सन्दर्भमा पनि बैठक महत्वपूर्ण हुने उहाँको भनाइ थियो । उहाँले मुलुकको ओरालो यात्रालाई रोकेर मुलुकलाई सकारात्मक दिशा दिने प्रयत्नको संश्लेषण परिषद्को बैठकबाट गर्ने बताउनुभयो । "मुलुकलाई अगाडि बढाउने निष्कर्ष परिषद् बैठकबाट गर्ने छौँ," उहाँले भन्नुभयो, "महाधिवेशन यताको समग्र कामको समीक्षा गरिनेछ।"

बैठकमा मिसन ग्रासरुट, झुलाघाट चिवाभञ्याङ सङ्कल्पयात्राको समीक्षा गर्दै त्यसका आधारमा पार्टीलाई कसरी अगाडि बढाउने भन्ने निष्कर्ष निकाल्ने महासचिव पोखरेलले बताउनुभयो । उहाँका अनुसार परिषद् बैठकमा यसअघि गरिएको पार्टीका केन्द्रीय सदस्यहरुको कार्यविभाजनको पनि समीक्षा गरिनेछ। वार्षिक कार्ययोजनालाई आगामी दिनमा परिषद् बैठकका निष्कर्षले महत्वपूर्ण भूमिका खेल्ने छन्," उहाँले भन्नुभयो । कसरी व्यवस्थित गर्ने खालको निष्कर्षका साथै साङ्गठनिक कामको समीक्षामार्फत निकाल्ने उहाँको भनाइ छ। "एमालेलाई बलियो र निर्णायक शक्तिका रुपमा स्थापित गर्ने कुरा

महासचिव पोखरेलले राजनीतिक अस्थिरता अन्त्यका लागि बलियो र निर्णायक राष्ट्रिय शक्ति आवश्यक रहेको बताउनुभयो । "एमाले बलियो छ तर पर्याप्त छैनौँ । हामी अरूभन्दा ठूला त छौँ तर राष्ट्रिय आवश्यकता पूरा गर्ने अवस्थामा पुगिसकेका छैनौँ", उहाँले भन्नुभयो, "पहिलो पार्टी हुनुमात्र पर्याप्त हुँदोरहेनछ । राष्ट्रिय आवश्यकता पूरा गर्ने हिसाबले बलियो र निर्णायक बन्नु जरुरी रहेछ । बलियो र निर्णायकले नै अस्थिरता अन्त्य गर्न सक्दछ।"

उहाँले अहिलेको सरकारले राम्रो काम गरे सरकारलाई निरन्तरता दिन तयार रहेको बताउनुभयो । महासचिव पोखरेलले गणतन्त्रको सुदृढीकरण, लोकतन्त्रलाई संस्थागत विकास गर्ने सवालमा सधैँभरि सत्ता र प्रतिपक्षसँग मिलेर काम गर्न तयार रहेको बताउनुभयो। परिषद् बैठक वैशाख ८ र ९ गते ललितपुरको गोदावरीस्थित सनराइज सभाहलमा हुनेछ । एमालेको विधानमा दुई राष्ट्रिय महाधिवेशनबीचमा आवश्यकताअनुसार परिषद् बैठक बस्ने उल्लेख गरिएको छ।

हीरक महोत्सव मनाइने

यसैगरी, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थापना भएको ७५ वर्ष पूरा गरेको अवसरमा पार्टीले हीरक महोत्सव मनाउने भएको छ । यही वैशाख १० गते सभाहलमा नै एक विशेष समारोहको आयोजना गर्ने प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताउनुभयो।

उहाँका अनुसार महोत्सवमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालगायत विभिन्न राजनीतिक दलका प्रमुख नेताहरुले सम्बोधन गर्नुहुनेछ ।उक्त हीरक महोत्सवमा गणतन्त्र गौरव सम्मानबाट एकजना विशिष्ट व्यक्तिलाई सम्मान गर्ने उहाँले जानकारी दिनुभयो ।रासस

मुलुकको डिजिटल रुपान्तरणका लागि सहकार्य आवश्यक : सञ्चारमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकलाई डिजिटल रुपान्तरणका लागि सहकार्य आवश्यक रहेको बताएकी छन् ।

नेपाल एशोसियसन फर सफ्टवेर एण्ड आइटी कम्पनिज (नास-आइटी)का पदाधिकार ीसँगको भेटमा उहाँले सञ्चार तथा सूचना प्रविधिको प्रयोग बढाएर मुलुकको डिजिटल रुपान्तरणका लागि सहकार्य आवश्यक रहेको बताएकी हुन् ।

मन्त्री शर्माले नेपालमा सञ्चार तथा सूचना प्रविधिको विकासका लागि यसलाई आम जनताले बुझ्ने गरी स्थापित गर्नुपर्ने बताईन् । उनले हरेक क्षेत्रको विकासका लागि त्यसको महत्व आमनागरिकले बुझ्नुपर्नेमा उदाहरण दिँदै भनिन्, "योग विज्ञान आजको होइन तर रामदेवले स्थापित गरेपछि योग घरघरमा पुग्यो । उत्पीडित समुदायको मुक्ति र अधिकारको गर्दै उनले सरकारी र निजी क्षेत्रको सहकार्यबाट सूचना प्रविधि प्रयोग गरी मुलुकलाई समृद्ध बनाउन सकिने स्पष्ट गरेकी थिईन् ।

छलफलमा प्रतिनिधिसभा सदस्य मनिष झाले सूचना प्रविधि क्षेत्रलाई समुदायस्तरमा पुऱ्याएर हरेक विद्यालयमा यसलाई प्रतिष्पर्धाको विधा बनाउनुपर्ने बताएका छन् । सूचना प्रविधिमा विद्यालय तहहुँदै प्रदेश र राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराएर लाखौँ युवालाई देशभित्रै रोजगार र स्वरोजगार बनाउन सकिने उहाँले स्पष्ट गरेका थिए।

> सञ्चार तथा सूचना प्रविधिको महत्व केही प्राविधिक व्यक्तिहरुले मात्रै बुझ्ने र बाँकीले आफूलाई उपभोक्ताका रुपमा मात्र लिनेभन्दा पनि सबैले सूचना प्रविधि क्षेत्रलाई आत्मसात् गर्नेगरी यसको विकास गर्नुपर्नेमा मन्त्री शर्माले जोड दिईन् ।

सो क्रममा नास आइटीका पदाधिकारीले पालिकास्तरमा हरेक नागरिकको एकीकृत तथ्याङ्क व्यवस्थापन गर्ने गरी एकीकृत डाटा केन्द्र स्थापना गर्नुपर्ने, नेपाली आइटी कम्पनीले देश बाहिर शाखा स्थापना गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्ने, आइटी उद्योग र स्टार्टअपलाई प्राथमिक क्षेत्रको ऋणको वर्गको समावेश गर्नुपर्ने, सूचना प्रविधिको काम एकद्वार प्रणालीबाट गर्न आइटी बोर्ड स्थापना गर्नुपर्ने, आइटी पार्क र हब स्थापना गरेर एकैथलोबाट सूचना प्रविधिको काम गराउन सरकारले सहजीकरण गर्नुपर्ने, सरकारी निकायका लागि सफ्टवेयर खरिद गर्दा स्थानीयलाई प्राथमिकता दिनुपर्नेलगायतका सुझाव दिएका थिए। छलफलमा नास-आइटीका अध्यक्ष रिचन श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

प्रतिपक्षीको बहिष्कारपछि बैठक स्थगन

टुडे समाचारदाता

कास्की । गण्डकी प्रदेशसभाको बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले बहिष्कार गरेपछि अनिश्चितकालका लागि स्थगन भएको छ।

सभाको शुक्रबारको बैठकमा प्रदेशप्रमुख डिल्लीराज भट्टलेपठाएको अधिवेशन आह्वानसम्बन्धी पत्र सभामा सुनाएर बैठक स्थगन गरिएको हो। प्रतिपक्षी बेञ्च खाली भएपछि सभामुख कृष्णप्रसाद धितालले ६ मिनेटमै अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगन गरेका हुन् । बैठकमा बिनाविभागीयमन्त्री हरिबहादुर चुमानले जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा प्रस्तुत गर्ने कार्यसूची थियो।

नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सभा सदस्यहरु बैठकमा उपस्थित नभएपछि अर्को सूचना नभएसम्मका लागि बैठक स्थगन भएको सभामुखले सभामा जानकारी गराएका थिए। यसअघि कांग्रेस संसदीय दलको बैठकले गण्डकी प्रदेश सरकारका विषयमा सर्वोच्च अदालतले सरकारलाई नियमित कार्य सञ्चालनबाहेक अन्य दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न आदेश भएकामा सरकारले अधिवेशन बोलाउनु गैरकानुनी भएकाले प्रदेशसभा बैठक बहिष्कारको निर्णय गरेको थियो। कांग्रेसले सरकार गठन र प्रदेशसभा बैठक आह्वान गरिनु असंवैधानिक भन्दै सभामुखलाई पत्र बुझाएको थियो।

कांग्रेसका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेश, संविधान र विद्यमान कानुनको बेवास्ता गर्दै बोलाइएको प्रदेशसभा बैठक र अदालतबाट मुद्दाको अन्तिम फैसला नहुँदासम्म आह्वान गरिने प्रदेशसभाको कुनै पनि बैठकमा आफ्नो दलका सदस्यहरु सहभागी नहुने बताएका थिए। न्योपानेले सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको अन्तिम किनारा नलाग्दासम्म प्रदेश सभाको बैठक सञ्चालन गर्नु संवैधानिक दृष्टिले त्रुटिपूर्ण र संसदीय मर्यादा एवं परम्परा विपरीत हुने भएकाले प्रदेशसभा बैठक सञ्चालन नगर्न/नगराउन अनुरोध गरेको बताए।

कांग्रेसले देश र जनताका लागि राजनीति गरेको नेता राठोरको भनाई

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका सहमहामन्त्री किशोर सिंह राठोरले कांग्रेसले देश र जनताका लागि राजनीति गरेको बताएका छन्। बैतडीको पाटनमा आयोजित कार्यकर्ता भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा उनले कांग्रेस देश र जनताप्रति उत्तरदायी भएर काम गर्ने पार्टी रहेको बताएका हुन्।

सहमहामन्त्री राठोरले भने, "जनतालाई अधिकार सम्पन्न बनाउन, दासप्रथा अन्त्य गर्न, रैतीबाट नागरिक बनाउन कांग्रेस खुलेर राजनीतिमा आएको हो । कांग्रस सबै जात, धर्म र वर्गको पार्टी हो। हामी स्थानीय स्रतो परिचालन गर्दै विकासका गतिविधिमा गरिरहेको छौँ ।" उनले कांग्रेस विकासको सुत्राधार रहेको बताए।

बिपी कोइरालाको विचार बोकेको पार्टी भएकाले पार्टीभित्र रहेका कमीकमजोरी सुधार गर्दै एकढिक्का भएर लाग्नुपर्नेमा सहमहामन्त्री राठोरले जोड दिए। उनले भने, "टोल र वडाबाटै पार्टीलाई बलियो बनाउनुपर्छ।"

नेपाली कांग्रेस बैतडीका कार्यवाहक सभापति वीरबहादुर विष्टको अध्यक्षता सम्पन्न कार्यक्रममा उपसभापति खगेन्द्रसिंह धामी, सचिव प्रेम चन्द, सहसचिव दीपेन्द्रबहादुर चन्द, कोषाध्यक्ष चक्रबहादुर चन्द, वडासभापति, पालिकासभापति, प्रदेशसभा क्षेत्रीय कार्यसमिति, जिल्ला कार्यसमिति, महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य, भ्रातृ तथा सुभेच्छुक संस्थाका प्रतिनिधिलगायतको उपस्थिति थियो।

इरानमा विस्फोट, इजराइलले हमला गरेको अमेरिकी सञ्चारमाध्यमको भनाइ

एएफपी

तेहरान । इरानको सरकारी सञ्चारमाध्यमले शुक्रबार मध्य प्रान्त इस्फहानमा विस्फोट भएको बताएको छ । अमेरिकी सञ्चारमाध्यमले भने अधिकारीहरूलाई उद्धृत गर्दै इजराइलले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि जवाफी आक्रमण गरेको बताएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार धेरै इरानी सहरमा हवाई रक्षा प्रणालीलाई सक्रिय तुल्याइएको छ । मुलुकको आधिकारिक प्रसारकले इस्फहान सहर नजिक विस्फोटको आवाज सुनिएको बताएको छ । सप्ताहन्तमा इरानले इजराइलमाथि सयौं मिसाइल र ड्रोन प्रहार गरेपछि इजराइलले जवाफी आक्रमण गर्ने चेतावनी दिएको थियो । इरानको अधिकांश ड्रोन तथा मिसाइल आक्रमणलाई रोकिएको थियो ।

इरानको फार्स समाचार समितिले कहजावरेस्तान, इस्फहान विमानस्थल र शेखरी सेनाको विमानस्थल नजिक 'तीन वटा विस्फोट' सुनिएको बताएको छ । इरानको अन्तरिक्ष एजेन्सीका प्रवक्ता होसेन डेलिरियनले भने 'धेरै' ड्रोनलाई 'सफलतापूर्वक खसालिएको' बताउनुभयो । "मिसाइल आक्रमणको कुनै रिपोर्ट गरिएको छैन", उहाँले सामाजिक सञ्जाल एक्समा भन्नुभयो । आधिकारिक आइआरएनए समाचार समितिले भनेको छ, "कुनै पनि हवाई खतराको प्रभावले कुनै ठूलो क्षति वा ठूलो विस्फोट नभएको रिपोर्टहरूले सङ्केत गरेका छन् ।" इरानको तस्निम समाचार समितिले इस्फहानमा आणविक केन्द्रहरू 'पूर्णरूपमा सुरक्षित रहेको' रिपोर्ट गरिएको बताएको छ ।

एबिसी र सिबिएस न्युजले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै इजराइलले आक्रमण गरेको बताएका छन् । ह्वाइट हाउस वा पेन्टागनका तर्फबाट तत्काल कुनै टिप्पणी आएको छैन । सिएनएनले एक अधिकारीलाई उद्धृत गर्दै इजराइली आक्रमणको लक्ष्य आणविक नभएको बताएको छ । इजराइली सेनाले एएफपीलाई भनेको छ, "हामीसँग अहिले कुनै टिप्पणी छैन ।"सप्ताहन्तमा इरानले क्षेत्रीय शत्रु इजराइलमाथि आफ्नो पहिलो प्रत्यक्ष आक्रमण गरेको थियो । इजराइलले आफ्ना सहयोगीहरूको सहयोगमा इरानले प्रहार गरेका तीन सय मिसाइल र ड्रोनमध्ये अधिकांशलाई रोकेको र कसैको मृत्यु नभएको बताएको छ ।

इरानले सिरियाली राजधानी दमास्कसमा आफ्नो वाणिज्य दूतावासमा अप्रिल १ मा भएको आक्रमणको प्रतिशोधमा इजराइलमाथि आक्रमण गरेको हो । वाणिज्य दूतावासमा भएको आक्रमणका लागि इरानले इजराइललाई दोषी मानेको थियो । उक्त आक्रमणमा इरानको रिभोल्युसनरी गार्डका दुई जनरलसहित सात जना मारिएका थिए । सन् २०११ मा सिरियामा गृहयुद्ध सुरु भएपछि इरान समर्थित समूहहरूले राष्ट्रपति बशर अल-असदको सेनालाई बलियो बनाएका छन् । इरान प्यालेस्टिनी लडाकू समूह हमास र लेबनानको हिजबुल्लाहको पनि मुख्य समर्थक हो ।

इजराइलमाथि इरानको आक्रमणपछि गाजा युद्धबाट ठूलो क्षेत्रीय प्रभावको आशङ्का बढेको छ । अक्टोबर ७ मा आक्रमण गरेर युद्ध सुरु गर्ने हमासलाई निमिट् यान्न पार्ने वाचा गर्नुभएका इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले इजराइलले इरानविरुद्ध 'आफ्नो सुरक्षा गर्ने अधिकार सुरक्षित राखेको' बताउनुभएको छ । इजराइलको प्रमुख सहयोगी तथा सैन्य आपूर्तिकर्ता अमेरिकाले इरानमाथि प्रतिशोधात्मक आक्रमणमा सहभागी नहुने स्पष्ट गरेको छ । यद्यपि उसले इरानी आक्रमणमा परिचालन गरिएका ड्रोनको उत्पादनमा संलग्न मानिस र संस्थाहरूविरुद्ध प्रतिबन्ध लगाउने घोषणा गरेको छ ।

युरोपेली सङ्घ (इयु) ले इरानको ड्रोन कार्यक्रमलाई प्रतिबन्ध लगाउने बताएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रतिबन्धको घोषणा गर्दै भन्नुभयो, "हामी इरानलाई जवाफदेही बनाउँदैछौं ।"इरानका विदेशमन्त्री होसेन अमिर-अब्दुल्लाहियानले चेतानवी दिँदै इरानमाथि कुनै पनि आक्रमणका लागि इजराइलले 'पश्चात्ताप' गर्ने बताउनुभयो । इरानमा यी विस्फोट सर्वोच्च नेता आयातुल्लाह अली खमेनीको ८५औं जन्मदिनका अवसरमा भएको छ ।

शुक्रबार इरानका धेरै क्षेत्रमा उडानहरू निलम्बित गरिएको छ । युएईस्थित फ्लाईदुबई एयरलाइनले इरानका लागि उडानहरू रद्द गरेको छ । आइआरएनएले भनेको छ, "इरानको हवाई रक्षालाई मुलुकका धेरै प्रान्तको आकाशमा सक्रिय बनाइएको छ ।" मेहर समाचार समितिले भनेको छ, "तेहरान, इस्फहान र शिराजका लागि उडानहरू र पश्चिम, उत्तरपश्चिम तथा दक्षिणपश्चिममा विमानस्थलहरू निलम्बन गरिएको छ ।"फ्लाइट-ट्र्याकिङ सफ्टवेयरले व्यावसायिक उडानहरूलाई इस्फहानसहित पश्चिमी इरानबाट जोर्गिंदै उत्तर तथा पूर्वतिर तेहरान पार गर्दै गरेको देखाएको छ ।

एक स्थानीय कार्यकर्ता समूहका अनुसार दक्षिणी सिरियामा पनि विस्फोटको सूचना प्राप्त भएको छ । दक्षिणको स्वेडा प्रान्तबाट समाचार कभर गर्ने सरकारविरोधी वेबसाइट सुवेदा२४ कारेयानमारौफलेभन्नुभयो, "सिरियाली सेनाको राडार स्थानमा आक्रमणहरू भएका थिए ।"बिहीबार संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले मध्यपूर्वको अवस्थाको कालो चित्र प्रस्तुत गर्दै गाजामा युद्ध र इजराइलमाथि इरानको आत्रमणले बढ्दो तनाव 'पूर्णस्तरको क्षेत्रीय द्वन्द्व' मा परिवर्तन हुनसक्ने चेतावनी दिनुभएको थियो ।

"मध्यपूर्व सङ्कटमा छ, हालका दिनमा शब्द र कार्यहरूमा खतरनाक वृद्धि देखिएको छ", उहाँले सुरक्षा परिषद्लाई भन्नुभयो । सबै पक्षलाई 'अतिकतम संयमता' अपनाउन आह्वान गर्दै उहाँले भन्नुभयो, "एउटा गलत आकलन, एउटा गलत सञ्चार, एउटा गल्ती, अकल्पनीय--- एउटा पूर्णस्तरमा क्षेत्रीय द्वन्द्वलाई जन्म दिन सक्छ र यो यसमा संलग्न सबै मानिसका लागि विनाशकारी हुनेछ ।"इरानमा भएको विस्फोटपछि शुक्रबार सुरुआती एसियाली व्यापारमा तेलको मूल्य तीन प्रतिशतभन्दा धेरैले बढेको छ ।

आक्रमणबारे अमेरिकालाई अग्रिम चेतावनी दिइएको थियो- अमेरिकी सञ्चारमाध्यम

यसैबीच वासिङ्टनबाट प्राप्त समाचारअनुसार अमेरिकालाई इरानमाथि इजराइलको कथित आक्रमणबारे अग्रिम सूचना प्राप्त भएको अधिकारीहरूलाई उद्धृत गर्दै अमेरिकी सञ्चारमाध्यमले बताएका छन् । यद्यपि अमेरिकाले उक्त अपरेसनको समर्थन नगरेको वा कार्यान्वयमा कुनै भूमिका निर्वाह नगरेको एनबिसी र सिएनएनले बताएका छन् ।

एनबिसी र सिएनएनले मामिलासँग परिचित स्रोतहरू र एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै इजराइलले वासिङ्टनलाई आक्रमणको पूर्वसूचना प्रदान गरेको बताएका छन् । इरानभित्र आक्रमण भएको विभिन्न नेटवर्कले अधिकारीहरूलाई उद्धृत गर्दै पुष्टि गरेका छन् । सिएनएनले एक अधिकारीलाई उद्धृत गर्दै आक्रमणको लक्ष्य कुनै आणविक केन्द्रमा नभएको बताएको छ । इजराइलले बिहीबार अमेरिकासँग आगामी दिनहरूमा इरानविरुद्ध जवाफी कारवाही गर्ने बताएको एक वरिष्ठ अमेरिकी अधिकारीले सिएनएनलाई बताउनुभएको छ । सिएनएनका अनुसार अधिकारीले भन्नुभयो, "हामीले प्रतिक्रियाको समर्थन गरेनौं ।"

एसिसी प्रिमियर कपको सेमीफाइनलमा नेपाल ६ विकेटले पराजित

टुडे समाचारदाता

काठमाण्डु । एसिसी मेन्स प्रिमियर कप टि-२० क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार भएको पहिलो सेमिफाइनलमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई)सँग छ विकेटले पराजित भएको छ । जितसँगै यूएई फाइनलमा प्रवेश गरेको छ । उसले शुक्रवारनै हुने ओमान र हङकङबीचको सेमिफाइनलको विजेतासँग उपाधिका लागि भिड्नेछ ।

ओमानको अल अमरात क्रिकेट मैदानमा भएको शुक्रबारको खेलमा जितका लागि नेपालले प्रस्तुत गरेको एक सय २० रनको लक्ष्य यूएईले १७ दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । उसका लागि अलिसान शराफूले अर्धशतकीय पारी खेले । उनले ४१ बलमा दुई छक्का र चार चौकाको सहयोगमा ५५ रन बनाए ।साथै विष्णु सुकुमरनले २८, सइद हैदरले १४, मुहम्मद वासिमले ११, आसिफ खानले १० रनको योगदान दिए । नेपालका लागि गुलसन झाले दुई तथा सोमपाल कामी र ललित राजवंशीले एक/एक विकेट लिए ।त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालको ब्याटिङ कमजोर रह्यो । नेपालले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा जम्मा एक सय १९ बनाउन सक्यो ।

पारीको पहिलो बलमा ओपनर कुशल भुर्तेललाई गुमाएको नेपालले दोस्रो विकेटका रुपमा ओपनर आशिफ शेखलाई व्यक्तिगत आठ रनमा गुमायो । त्यसपछि सन्दीप जोराले अर्धशतकीय पारी खेल्दै खेल अगाडि बढाउने प्रयास गर पनि अन्य ब्याटरले साथ दिन सकेनन् । जोराले ४० बलमा दुई छक्का र चार चौकाको सहयोगमा ५० रन बनाए ।

गुलसन झाले २० रन र करन केसीले १७ रन बनाए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । कप्तान रोहितकुमार पौडेल १८ बलमा जम्मा पाँच रन बनाएर आउट भए । कुशल मल्लले तीन, दीपेन्द्र सिंह ऐरीले पाँच, सोमपाल कामीले दुई रन मात्रै बनाउन सके । अविनास बोहोराले एक र ललित राजवंशीले दुई रन बनाए । नेपाललाई सस्तैमा समेट्ने क्रममा यूएईका लागि जुनैद सिद्दिकी, अली नासिर र बासिल हमिदले दुई/दुई विकेट लिए भने ओमिद साफी रहमान, आयान अफजल खान र मुहम्मद फरुकले एक/एक विकेट लिए ।नेपाल समूह 'ए' को बिजेता रुपमा सेमिफाइलमा पुगेको हो भने युएई समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको थियो ।

समूह चरणको खेलमा नेपालले सबै चार खेलमा जित हात पारेको थियो । नेपालले मलेसियालाई पाँच विकेट, कतारलाई ३२ रन, हङकङलाई आठ विकेट र साउदी अरेबियालाई छ विकेटले पराजित गरेको थियो । त्यसैगरी युएईले कुवेतलाई सात विकेट, बहराइनलाई ३७ र कम्वोडियालाई नौ विकेटले हराएको थियो भने ओमानसँग नौ विकेटको पराजित भएको थियो ।

प्लास्टिक प्रदूषण अन्त्यका लागि विश्वव्यापी समधानका गरिने

सिन्ह्वा

ओटावा । क्यानाडाले प्लास्टिक प्रदूषण अन्त्य गर्ने विश्वव्यापी समाधानका लागि अर्को हप्ता संयुक्त राष्ट्रसङ्घको कार्यक्रम आयोजना गर्ने बिहीबार घोषणा गरेको छ ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा कार्यक्रमको अन्तरसरकारी वार्ता समिति (आइएनसी-४) को चौथो सत्र अप्रिल २३ देखि अप्रिल २९ सम्म राजधानी ओटावामा आयोजना हुने र सन् २०२४ को अन्त्यसम्म प्लास्टिक प्रदूषणमा एक वैश्विक सम्झौताको विकासका लागि अगाडि बढ्ने उल्लेख छ । संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युएनईपी) द्वारा समन्वय गरिएको पाँच सत्रहरूको चौथो वार्ता सत्र आइएनसी-४ रहेको र प्लास्टिक प्रदूषण अन्त्य गर्ने साझा लक्ष्यमा विश्वलाई एकजुट गर्ने अन्तिम क्षणको प्रतिनिधित्व गर्ने विज्ञप्तिमा भनिएको छ ।

यद्यपि यो वर्षको अन्त्यमा दक्षिण कोरियामा आइएनसी-५ मा वार्ताको सफल निष्कर्षका लागि जग निर्माण गर्ने महत्त्वपूर्ण विन्दु हुने विज्ञप्तिमा उल्लेख छ । सन् २०२२ मा राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र वातावरणसभाको पुनः सुरु भएको पाँचौं सत्रमा सन् २०२४ को अन्त्यसम्ममा प्लास्टिक प्रदूषणमा कानूनीरूपमा बाध्यकारी विश्वव्यापी सम्झौता विकास गर्ने जनादेशसहित अन्तरसरकारी वार्ता समिति गठन गर्न सहमत भएका थिए ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमले व्यापार-जस्तै-सामान्य परिदृश्यअन्तर्गत र आवश्यक हस्तक्षेपहरूको अभावमा, जलीय पारिस्थितिक प्रणालीमा प्रवेश गर्ने प्लास्टिकको फोहोरको मात्रा सन् २०१६ मा प्रतिवर्ष ९० लाखदेखि एक करोड ६० लाख टनबाट सन् २०४० मा अनुमानित तीन गुणा अर्थात लगभग दुई करोड ३० लाख टनदेखि तीन करोड ७० लाख टन हुन सक्ने बताएको छ ।पाँचौं र अन्तिम योजनाबद्ध अन्तरसरकारी वार्ता समिति (आइएनसी-४) नोभेम्बर २५ देखि डिसेम्बर १ सम्म सन् २०२४ सम्म दक्षिण कोरियाको बुसानमा हुनेछ ।

भारतमा मतदान सुरु

सिन्ह्वा

नयाँ दिल्ली । शुक्रबारदेखि सुरु भएको भारतको आम निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) का वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालका लागि सत्तामा रहन सक्ने निर्णय झन्डै एक अर्ब मतदाताले गर्नेछन् ।

उहाँले भारतका अधिकांश क्षेत्रमा गहिरो जरा गाडेको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसको नेतृत्वमा रहेको भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) नामक करिब दुई दर्जन विपक्षी दलहरूको गठबन्धनबाट चुनौती सामना गरिरहनुभएको छ ।

भारतीय संसद्मा दुई सदन (लोकसभा वा जनताको सभा र राज्य सभा वा राज्य परिषद्) रहेका छन् । आगामी निर्वाचनमा लोकसभाका पाँच सय ४५ सिटमध्ये पाँच सय ४३ सिटका लागि मतदाताले मतदान गर्ने र बाँकी दुई राष्ट्रपतिले मनोनयन गर्नुहुनेछ । लोकसभाका लागि प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ । पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत मतदाताहरूले एक उम्मेद्वारलाई भोट दिन्छन् र सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्ववारले चुनाव जित्छ । बहुमत सिट जित्ने दल वा गठबन्धनले सरकार बनाउँछ ।

विश्वको सबैभन्दा धेरै जनसंख्या भएको देशमा मतदान गर्नका लागि ९६ करोडभन्दा बढी मतदाता १० लाखभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न योग्य रहेको अधिकारीहरूले बताएका छन् । निर्वाचनका लागि करिब एक करोड ५० लाख मतदान अधिकृत र सुरक्षाकर्मी खटाइने छन् ।जुन १ सम्म सात चरणमा हुने निर्वाचनको नतिजा जुन ४ मा सार्वजनिक हुनेछ । निर्वाचनसँग जोडिएको खर्च निकै ठूलो रहेको छ । दिल्लीस्थित 'सेन्टर फर मिडिया स्टडिज'का अनुसार २०१९ को आम चुनावमा आठ अर्ब ६० करोड अमेरिकी डलर खर्च भएको र यस वर्षको लागत १४ अर्ब ४० करोड अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ ।

मोदी सन् २०१४ मा प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको थियो भने सन् २०१९ मा पुनः निर्वाचित हुनुभएको थियो । भाजपाले क्रमशः दुई सय ८२ र तीन सय तीन सीट प्राप्त गर्दै दुवै निर्वाचनमा ठूलो अन्तरले जितेको थियो । भाजपा र उसका सहयोगीहरूले आगामी चुनावमा चार सयभन्दा बढी सिट जित्ने लक्ष्य राखेका छन् ।विगत एक दशकमा भारतको आर्थिक उपलब्धि भए पनि केही सञ्चारमाध्यम र विज्ञहरूले वास्तविक आर्थिक कार्यसम्पादन सरकारले दावी गरेजस्तो राम्रो नभएको र विकासका फाइदाहरू समाजका तल्लो तहसम्म पुग्न नसकेको विश्वास गरेका छन् ।

सन् २०१४ मा मोदी सरकारले प्रस्ताव गरेको 'मेक इन इन्डिया' पहलले भारतको आर्थिक वृद्धिमा उत्पादन क्षेत्रको योगदानलाई सन् २०१५ मा १६ प्रतिशतबाट सन् २०२२ सम्म २५ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको थियो । तर यो वास्तवमा १३ प्रतिशतमा झरेको छ । यसले देशमा लगातार उच्च बेरोजगारी दर निम्त्याएको छ । हिन्दुस्तान टाइम्सका अनुसार, 'लोकनीति-सेन्टर फर द स्टडी अफ डेभलपिङ सोसाइटिज' द्वारा गरिएको प्रि-पोल सर्वेक्षणले १० हजार १९ उत्तरदातामध्ये आधाभन्दा बढीले मूल्यवृद्धि र जागिरको अभावमा चिन्ता व्यक्त गरेका छन् ।

भारतीय किसानहरूले बालीनालीको न्यूनतम मूल्य ग्यारेन्टी गर्ने, किसानको पेन्सन र ऋण माफीलगायतका कानूनको माग गर्दै विगत महिनादेखि विरोध प्रदर्शन गरिरहेका छन् ।प्रमुख प्रतिपक्षी भारतीय राष्ट्रिय कांग्रेसले भारतीय इतिहासमा लामो समयसम्म सत्तामा रहँदा पनि सन् २०१४ को आम निर्वाचनमा राहुल गान्धीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर भाजपा विरुद्ध ठूलो हार बेहोरेको थियो । सन् २०२३ मा २६ विपक्षी दलहरूले 'इन्डिया' गठबन्धन गठन गरको छ । भारतमा आम आदमी पार्टी (आप) का अध्यक्ष तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई मार्चमा सङ्घीय सरकारको वित्तीय अपराध एजेन्सीले (इडी) भ्रष्टाचारको आरोपमा पक्राउ गरेको थियो । उहाँले आफ्नो गिरफ्तारी राजनीतिक प्रेरित भएको बताउनुभयो । भाजपाले उक्त आरोप अस्वीकार गरेको छ ।इडीले विगतका वर्षमा धेरै विपक्षी दलका नेताहरूलाई जेलमा पारेको र सोधपुछ गरेका छन् । उनीहरूविरुद्ध सङ्घीय एजेन्सीहरूले मुद्दा दायर गरेका छन् । यसबाट विपक्षी दलहरू र नागरिक समूहहरूको विरोधलाई उत्प्रेरित गरेको छ । मार्चमा कांग्रेस पार्टीले सङ्घीय सरकारले चुनावका लागि आफ्नो कोष कटौती गर्न कर विभाग प्रयोग गरेको आरोप लगाएको थियो ।

विश्व बैंकद्वारा पाकिस्तानलाई कर प्रणालीमा सुधार गर्न आग्रह

एएनआई

इस्लामाबाद । विश्व बैंकले पाकिस्तानी सरकारलाई कर प्रणलीमा सुधार गरी शुल्क र बिक्री करमा विद्यमान छुट हटाउन आग्रह गरेको पाकिस्तानस्थित एआरवाई न्यूजले जनाएको छ ।पाकिस्तानबारे जारी गरेको रिपोर्टमा बैंकले पाकिस्तानी सरकारलाई आर्थिक र सामाजिक सुधारका लागि तत्काल कर प्रणाली सुधार तथा बिक्री कर छुट हटाउन आवश्यक सल्लाह दिएको एआरवाई न्यूजको रिपोर्टले जनाएको छ ।

प्रतिवेदन अनुसार बैंकले सरकारलाई बाल विकासका लागि राष्ट्रिय नीति बनाउन आग्रह गर्दै ऊर्जा र अन्य वस्तुमा अनुदान घटाउन आह्वान गरेको छ । साथै बैंकले सरकारलाई यी कोषहरू जनकल्याणका पहलहरूमा पुनः बाँडफाँट गर्नसमेत सुझाव दिएको छ ।बैंकले सरकारलाई मितव्ययिताकाउपायहरूअवलम्बन गरी सरकारी स्वामित्वका कम्पनीहरूमा सार्वजनिक-निजी साझेदारीलाई बढावा दिनुपर्ने आग्रह गरेको एआरवाई न्यूजको रिपोर्ट जनाएको छ ।

प्रतिवेदनमा बैंकले पाकिस्तालाई कर प्रणालीको पुनर्गठन, शुल्क र बिक्री करको छुट नियन्त्रण र अचल सम्पत्ति तथा कृषि उद्योगमा नयाँ कर लगाउन आग्रह गरेको छ । यसैगरी दीर्घकालीन व्यावसायिक योजना सिर्जना गरी उपभोक्ताहरूका लागि ग्यास आपूर्ति लागतसँग समायोजन गर्न पनि बैंकले आह्वान गरेको छ ।सन् २०२३ मा विश्व बैंकले पाकिस्तानले आफ्नो वास्तविक क्षमताभन्दा कम कर सङ्कलन गरिरहेको बताएको थियो ।

बैंकको प्रतिवेदनमा पाकिस्तानमा कर सङ्कलनमा सात खर्ब ३७ अर्ब रुपैयाँ (पाकिस्तानी रुपैयाँ) ले कम भएको उल्लेख गर्दै ऋणको बोझ मुक्त गर्न सबै कर छुट समाप्त गर्न इस्लामाबादलाई आग्रह गरिएको छ ।

इरानमाथि कथित आक्रमणपछि इटालीद्वारा 'तनाव कम गर्न' आग्रह

एएफपी

काप्री । इजराइलले इरानमाथि आक्रमण गरेको रिपोर्ट आएपछि इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले शुक्रबार 'पूर्णरूपमा तनाव कम गर्न' आह्वान गर्दै जी७ समक्ष काप्रीमा हुने वार्तामा यस विषयमा छलफल गर्ने बताउनुभएको छ । रोमले सात मुलुकको समूह जी७ का विदेशमन्त्रीहरूको बैठकको आयोजना गरिरहेको इटालीको टापु काप्रीबाट आरएआई समाचार उहाँले भन्नुभयो, "हामी सबैलाई तनावबाट जोगिनका लागि सतर्क रहन आमन्त्रण गर्दछौं ।"

उहाँका अनुसार जी७ ले मध्यपूर्वमा 'पूर्णरूपमा तनाव कम गर्न' चाहेको बताउनुभयो । जी७ मा संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, जापान, क्यानाडा र इटाली रहेका छन् । क्यानाडाका विदेशमन्त्री मेलानी जोलीले सामाजिक सञ्जाल एक्समा भन्नुभयो, "हामी स्थितिलाई नजिकबाट नियालिरहेका छौं, हामी शुक्रबार बिहान इटालीमा जी७ को बैठकमा विदेशमन्त्रीहरूसँग स्थितिलाई सम्बोधन गर्नेछौं ।"

इरानको सरकारी सञ्चारमाध्यमले शुक्रबार मध्य प्रान्त इस्फहानमा विस्फोट भएको सूचना दिएको थियो । अमेरिकी सञ्चारमाध्यमले भने अधिकारीहरूलाई उद्धृत गर्दै इजराइलले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि जवाफी आक्रमण गरेको बताएको छ ।

दक्षिण कोरिया आर्थिक विकासको सुत्र

काठमाण्डु । नेपालमा आगामी वैशाख १६ र १७ (अप्रिल २८ र २९ गते) का काठमाडौंमा आयोजना हुन लागेको तेश्रो लगानी सम्मेलनले नेपालको आर्थिक-सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने लागेको छ ।मैले नेपालका राजनिति, अर्थ सरोकारवालासँग भलाकुसारी गर्दा कोरियाको आर्थिक विकासको रहस्य के हो भनेर जिज्ञासा धेरै पटक पाएको छु। कोरिया विकासका विभिद पक्षहरु मध्ये एक प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनका लागि सरकारले चालेको सकारात्मक कदम र लगानीको सही सदुपयोग हो भन्ने लाग्छ ।

शास्त्रीय अर्थशास्त्रलाई नियाल्नेहो भने उत्पादनका आधारभूत पक्षका रुपमा श्रम, पुँजी र भूमिलाई लिने गरिएको छ । कोरियाको आर्थिक विकासको क्रममा पर्याप्त लगानी गर्ने पुँजी थिएन र जुटाउन सजिलो पनि थिएन । सरकारले पुँजी जुटाउनका लागि वैदेशिक ऋण तथा प्रत्यक्ष विदेशी लगानी (एफडी) आकर्षित गर्ने प्रयासलाई निरन्तरता दिँदै आएको छ । श्रम र भूमि भने हामीलाई उपलब्ध थियो ।कोरियाले देशको आर्थिक विकासको क्रममा प्रत्यक्ष वैदेशिक लगानीका विभिन्न फाइदाको बारेमा लामो अनुभव गरिसकेको छ ।त्यसैले आजका दिनमा पनि केन्द्र र स्थानीय सरकारले वैदेशिक लगानी आकर्षित गर्नका लागि विभिन्न सुविधा तथा प्रोत्साहनलाई निरन्तरता दिएको छ ।

एफडीका फाइदाहरू :

कोरियाको अनुभव साट्नु पर्दा प्रत्यक्ष वैदेशिक लगानीबाटराष्ट्रिय अर्थतन्त्र र उद्योगले सकारात्मक लाभ लिन सकिन्छ भन्ने रहेको छ । त्यसैगरी हामीले एफडी मार्फत आन्तरिक रूपमा लगानी श्रोतको अभावबाट छुटकारा पायौं र आन्तरिक बजारमा यथेष्टरोजगारी सिर्जना गर्न सफल भयौं। गत सेप्टेम्बरमा प्रकाशित एक अध्ययनको तथ्याङ्क अनुसार कोरियामा विगत १० वर्षमा प्रत्यक्ष वैदेशिक लगानी मार्फत २ लाख ९५ हजार रोजगारी सृजना भएको देखाएको छ । रोजगारी सृजनालाई सर्वोत्कृष्ट सामाजिक कल्यणकारी नीति मानिन्छ । रोजगारीले आर्थिक तथा सामाजिक रुपमा पनि सकारात्मक भूमिका खेल्न सक्छ । एफडीले देशको आर्थिक विकासलाई उत्प्रेरित गर्न, उद्योग स्थापना तथा लगानी वातावरण सिर्जना गर्न र स्थानीय समुदाय र अर्थतन्त्रलाई चलायमान बनाउन सक्दछ । एफडीले स्थानीयको आम्दानी र क्रयशक्तिमा बृद्धि हुनगई देशको समग्र आर्थिक बृद्धिको नेतृत्व गर्न सक्दछ ।

अर्को पक्ष, वैदेशिक लगानीमा स्थापित कम्पनीहरूको प्रविधि र ज्ञान लगानी गरेको मुलुकमा हस्तान्तरण हुनुका साथै प्राविधिक जनशक्ति उत्पादनमा पनि सकारात्मक भूमिक खेल्दछ ।दक्षिण कोरियाको सन्दर्भमा वैदेशिक लगानी रहेका उद्योगहरु मध्ये टेक्नोलोजी हस्तान्तरण भएका धेरै उद्योगहरु आज विश्वव्यापी रुपमा उदाएका प्रशस्त उदाहरणहरु छन् ।

अन्य मुलुकमा व्यपार गर्नका लागि वैदेशिक लागनीमा सञ्चालन भएका उद्योगसँग आफ्नो देशको बारेमा आवश्यक जानकारी हुने भएकोले व्यपार लक्ष सुनिश्चित गर्न अन्तर्राष्ट्रिय रुपमा ख्याती कमाएका उद्योग तथा लगानीको उपस्थितिले सकारात्मक भूमिका खेल्दछ ।प्रत्यक्ष वैदेशिक लगानी मार्फत अन्तर्राष्ट्रिय व्यापार सम्भव हुन सक्दछ । एफडीले निर्यात विस्तारमा सकारात्मक प्रभाव पार्दछ र घरेलु बजारमा एकाधिकारको सट्टा प्रतिस्पर्धामा आधारित बजार निर्माण भई उपभोक्तासम्म सहज पहुँच पुग्दछ ।त्यसैगरी एफडी मार्फत उपलब्ध भएका सुविधा र उपकरणले लक्षित देशमा श्रमशक्तिको उत्पादकत्व बढाउन टेवा पुग्दछ ।

विदेशीको नजरमा नेपालमा एफडीको सम्भावना

विदेशीको नजरमा नेपाली अर्थतन्त्रलाई नियाल्दा, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्नका लागि सम्भावना तथा कमजोरी दुवै पक्ष रहेका छन् । तुलनात्मक रूपमा प्रतिस्पर्धी श्रम बजार, ऊर्जा क्षेत्रमा ठूलो लगानीको सम्भावना, हिमालय तथा विविधताले भरिएको सांस्कृतिक सम्पदालगायत प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने नेपालको प्रचुर सम्भावनका बारेमा सबैले मनन गरेकै विषय हुन् । नेपालमा एफडीको आकर्षण बढाउन लगानी प्रक्रियामा सरलीकरण गर्नु पर्दछ । पर्याप्त दक्ष जनशक्ति उपलब्ध गराउनु र लगानी गर्ने कम्पनीहरुलाई स्वदेशी कम्पनी सरह समान व्यवहार आवश्यक देखिन्छ ।यस क्षेत्रको सुधारका लागि नेपाल सरकारले दृढ इच्छाशक्तिका साथ सम्बन्धित कानून निर्माण चरणमा रहेको भन्ने विषय समय सान्दर्भिक रहेको छ ।

नेपालमा रहेका विभिन्न देशका कुटनीतिक नियोगका पदाधिकारी मार्फत नेपालमा वैदेशिक लगानीका लागि अनुकूल वातावरण रहेको छ र नीतिगत हिसाबले पनि सहज वातावरण रहेको छ भन्ने बारेमा सम्बन्धित मुलुकहरुमा जानकारी गराउने पक्ष अपरिहार्य छ ।लगानीकर्ताको प्रमुख चासो भनेको सहज रुपमा लगानी गर्ने र मुनाफा आर्जन गर्ने र उक्त मुनाफा आफ्नो देशमा सहज रुपमा लैजान सक्ने विषय प्राथमिकतामा राखेका हुन्छन् । त्यसै गरी भैपरी आउने समस्या समाधानका लागि सरकारी पक्षले अभिभावकको भूमिका खेलोस् भन्ने रहन्छ ।अन्य विषयमा वैदेशिक लगानी भित्र्याउनका लागि महशुल छुट लगायतका सुविधाहरु उपलब्ध हुने विषयले पनि सकारात्मक भूमिका खेल्दछ ।भिसा प्रणालीको सहजीकरण, शुरुवाती चरणमा कर छुट लगायतका विषयले पनि लगानीयोग्य वातावरण बनाउन मद्दत गर्दछ भन्ने लाग्छ ।

> **११**
>
> कोरिया र नेपालबीच सन १९७४मा कुटनीतिक सम्बन्ध स्थापना भई दुई देशबीच अत्यन्त सुमधुर सम्बन्ध रहिआएको छ । हामी हाम्रो विकासको अनुभव साट्दै, कोरियाले भोगेका अप्ठ्यारा अवस्था नेपालले भोग्न नपरोस् भन्नेमा समेत सचेत रहेका छौं। रोजगारीको महत्व बुझेरनै सन् २००७मा दुई देशका सरकारबीच श्रम सम्झौता गरेर सरकारको सहभागितामा नेपाली श्रमिकहरुलाई कोरियामा रोजगारीको अवसर प्रदान गर्दै आएका छौं।

कोरियाली कम्पनीको नेपालमा लगानी

कोरियाली कम्पनीहरूले नेपालमा आर्थिक लगानी सम्भाव्यताका बारेमा नजिकबाट नियाली रहेका छन् । केही कम्पनीले नेपालमा लगानी गरि सफल रुपमा व्यवसाय सञ्चालन गरेका उदाहरणहरु रहेका छन् ।

उदाहरणका लागि, कोरियाली ग्लोबल कम्पनी साम्सुङ इलेक्ट्रोनिक्सले नेपालको गोल्छा अर्गनाईजेसनसँगको संयुक्त लगानीमा गत वर्ष अप्रिलदेखि अत्याधुनिक टिभी एसेम्बली प्लान्ट सञ्चालन गर्दै आएको छ । हुन्डाई मोटर्स कम्पनीले नेपालको एक स्थानीय कम्पनीसँगको साझेदारीमा नवलपर ।सी जिल्लामाअटोमोबाइल एसेम्बली प्लान्ट पनि स्थापना गरेर यही वर्ष मे महिनामा व्यावसायिक उत्पादन सुरु गर्ने योजना रहेको छानेपालमा जलविद्युत उत्पादन क्षेत्रमा कोरियाको साउथ-इस्ट पावर कम्पनीले विश्वव्यापी वित्तिय संस्था समेतको साझेदारीमा ६५० मिलियन अमेरिकी डलर लगानी जुटाएर रसुवा जिल्लामा युटी-१, २१६ मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माण चरणमा रहेको छ ।यस आयोजनाले सन् २०२७मा विद्युत उत्पादन गर्ने लक्ष लिएको छ ।

ठूला वैदेशिक लगानीको जति महत्व रहेको छ त्यतिनै महत्व मझौला उद्योगहरुको लगानी पनि आवश्यक पर्दछ ।नेपालको सन्दर्भमा कोरियाली साना तथा मझौला कम्पनीको लगानी पनि सक्रिय रहेको जानकारी गराउँदछु। रोजगारी सृजनाको सन्दर्भमा, साना तथा मझौला उद्योगहरुको भूमिका प्रभावकारी रहेको बारेमा स्मरण गराउन चाहन्छु। उदाहरणका लागि, नक्कली कपाल बनाउने प्रसिद्ध कोरियाली कम्पनी हाइमोले काठमाडौंमा मन्डुमो नामक स्थानीय कम्पनीमा १०० प्रतिशत लगानी गरेको छ ।उक्त कम्पनीमा ६५०जना भन्दा बढी स्थानीय महिला कामदारलाई तालिम दिएर नक्कली कपाल उत्पादन गरी उत्पादित सबै सामान कोरिया र जापानमा निर्यात गरिरहेको छ ।

हालैप्रकाशितनेपालसरकारकोवैदेशिक लगानी योजना प्रतिवेदनको आधिकारिक तथ्याङ्कअनुसार गत वर्षको जुलाईदेखि यो वर्ष मार्चसम्म आठ महिनामा कोरियाली कम्पनीहरूले नेपालमा सबैभन्दा बढी लगानी योजना बारे जानकारी सार्वजनिक भएको छ ।उक्त अवधिमा कोरियाली लगानीकर्ताको तर्फबाट१२ अर्ब ८ करोड रुपैयाँको लगानी योजना सार्वजनिक भएको छ ।नेपालमा वैदेशिक लगानी गर्ने मुलुकहरुमध्ये कोरिया लगानीको शीर्ष पाँच स्थान भित्र पर्दै आएको छ ।नेपालमा लगानी गर्न कोरियाली कम्पनीहरूको चासो निरन्तर बढिरहेको आधारको रुपमा लिन सकिन्छ ।

कोरिया र नेपालबीच सन १९७४मा कुटनीतिक सम्बन्ध स्थापना भई दुई देशबीच अत्यन्त सुमधुर सम्बन्ध रहिआएको छ । हामी हाम्रो विकासको अनुभव साट्दै, कोरियाले भोगेका अप्ठ्यारा अवस्था नेपालले भोग्न नपरोस् भन्नेमा समेत सचेत रहेका छौं। रोजगारीको महत्व बुझेरनै सन् २००७मा दुई देशका सरकारबीच श्रम सम्झौता गरेर सरकारको सहभागितामा नेपाली श्रमिकहरुलाई कोरियामा रोजगारीको अवसर प्रदान गर्दै आएका छौं। एक लाख भन्दा बढी नेपालीले कोरियामा रोजगारको अनुभव गरिसकेका छन् । त्यसैगरी कोरियाली कम्पनीहरुले नेपालमा लगानी बढाउँदै गएको स्मरण गराउन चाहन्छु। नेपालमा सञ्चालन भएका कोरियाली लगानीका कम्पनीहरुमा हजारौं नेपालीहरुले रोजगारीको अवसर प्राप्त गरेका छन् । यही वर्ष सन् २०२४ मा दुई देशबीच कुटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्षगाँठको सुनौलो अवसरको सदुपयोग गर्दै वर्षभरिनै विभिन्न कार्यक्रम आयोजना गरेर हाम्रो सम्बन्धलाई थप उच्च बनाउने लक्ष लिएका छौं। कोरिया सरकार र हाम्रो दूतावासले धेरै कोरियाली लगानी भित्र्याउन निरन्तर प्रयास गरिरहेका छौं ।

नेपाल सरकारले वैदेशिक लगानी भित्र्याउनका लागि लगानीमैत्री वातावरण सिर्जनाका खातिर अथक प्रयास गरिरहेको सम्बन्धमा हामी जानकार छौं । सबै क्षेत्रका लागि सुहाउँदो लगानीमैत्री वातावरण बनेर विश्वभरका कम्पनीले नेपालमा सम्भावित लगानी क्षेत्रका बारेमा पुनःर्मूल्याङ्कन गरी ठूलो मात्रामा लगानी गर्न र नेपालीलाई स्वदेशमानै रोजगारीको अवसर मिलोस् भन्न चाहन्छु। यही अप्रिल महिनाको अन्त्यमा हुन गइरहेको तेस्रो लगानी सम्मेलन सफलताको कामना गर्दै धेरै उपलब्धि हासिल हुने विश्वास लिएको छु ।रासस

सिटिजन्स बैंक १८औं वर्षमा प्रवेशको अवसरमा विभिन्न सुविधाको सुरुवात

टुडे समाचारदाता

जनकपुरधाम । सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड १७ वर्ष पूरा गरी १८ औं वर्षमा प्रवेश गरेको छ । वि.स.२०६४ साल बैशाख ७ गते २० औं वाणिज्य बैंकको रुपमा स्थापनाभई अनवरत रुपमा ग्राहकहरु माझ उत्कृष्ट सेवा पुर्‍याँउदै आएको सिटिजन्स बैंक शुक्रबार बैशाख ७ गते देखि १८ औं वर्षमाप्रवेश गरेको हो । १७ वर्षको अवधि पार गरिसक्दा बैंकले करिव १७ लाख २४ हजार ग्रहक महानुभावहरुलाई वित्तीय सेवा प्रदान गर्न सफल भएको छ । सातवटै प्रदेशमा फैलिएको १९० वटा शाखाहरु मार्फत चालु आर्थिक बर्षको तेस्रो त्रैमास सम्ममा बैंकको कूल निक्षेप करिव १ खर्व ८४ अर्व रहेकोमा कर्जा तर्फ १ खर्व ५६ अर्व रहेको छ र यसै अवधिमा बैंकले करिव १ अर्व २१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

बैंकले १७ औं बार्षिकोत्सवको अवसरमा शुक्रबार बैशाख ७ गते बिहानै सातवटै प्रदेशमा करिव १ हजार ५३ कर्मचारीहरुको सहभागितामा प्रभातफेरी कार्यक्रम आयोजना गरेको छ । जसबाट जनमानसमा वित्तीय ज्ञानको समेत अभिमुखिकरण हुने अपेक्षा बैंकले लिएको छ । साथै संस्थागत सामाजिक उत्तरदायीत्व कार्यक्रम अन्तर्गत बैंकले रक्तदान नै जिवनदान भन्ने नारालाई सार्थक बनाउदै रगतको आवश्यकता र खड्किरहने अभावलाई केहि हद सम्म भएपनि पुरा होस् भन्ने अभिप्रायका साथ नेपाल रेडक्रस सोसाईटी संगको सहकार्यमा सातवटै प्रदेशका कूल २५ शाखाहरुबाट करिब ६८४ जना रक्तदाताको सहभागीतामा रक्तदान कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ । साथै यसै अवसरमा मधेश प्रदेश अन्तर्गत वीरगन्ज शाखा र लुम्बिनी प्रदेश अन्तर्गत बुटवल शाखाले निःशूल्क स्वास्थ्य शिविर समेत संचालन गरेका छन् । शिविरमा करीब ३०० जना सेवाग्राहीहरुले निःशुल्क स्वास्थ्य परीक्षण गराउनुका साथ साथै आवश्यक औषधीहरु समेत

निःशुल्क प्राप्त गरेका छन् ।

साथै सिटिजन्स बैंकले आफ्नो १७ औं वार्षिकोत्सवको उपलक्ष्यमा सिटिजन्स स्मार्ट बचत खातालाई १७ थरि आकर्षक सुविधाहरु थप गरेर ग्राहकहरुमाझ ल्याएको छ । अब ग्राहकहरुले यो योजना अन्तर्गत खाताखोल्दा आकर्षक थप १७ सुविधाहरु निश्चित समयको लागि प्राप्त गर्न सक्नुहुनेछ । सिटिजन्स बैंकले बचत सम्बन्धी विषयलाई ध्यानमा राख्दै वित्तीय साक्षरतासम्बन्धी एक भिडियो सामग्री समेत आफ्नो १७औं वार्षिकोत्सवको दिन सार्वजनिक गरेको छ । ग्रहकहरुको सुविधालाइ मध्यनजर गर्दै यसै दिनदेखि बैंकले आफ्नो थप६ वटा शाखाहरु बाट प्रिभिलेज काउन्टरको समेत सुरुवात गरको छ । काठमाडौं उपत्यकाभित्र कुमारीपाटी, बौद्ध, कोटेश्वर र न्यूरोड शाखामा र उपत्यका बाहिर बुटवल र हस्पिटल लाइन शाखामा वैशाख ७ गतेबाट प्रिभिलेज काउन्टर सुचारु भएको छ । साथै १७औं वार्षिकोत्सवको उपलक्ष्यमा सिटिजन्स बैंकको मूख्य प्रायोजनमा १० औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिता यही बैशाख ०९ देखी १५ गतेसम्मदशरथ रंगशालामा हुन गइरहेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी रहेका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७लाख२४हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप७शाखाहरु विस्तार गरेर आगामीदिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ ।

> सातवटै प्रदेशमा फैलिएको १९० वटा शाखाहरु मार्फत चालु आर्थिक बर्षको तेस्रो त्रैमास सम्ममा बैंकको कूल निक्षेप करिव १ खर्व ८४ अर्व रहेकोमा कर्जा तर्फ १ खर्व ५६ अर्व रहेको छ र यसै अवधिमा बैंकले करिव १ अर्व २१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

चैतसम्म साढे पाँच लाखले लिए श्रम स्वीकृति

काठमाण्डु । चालु आर्थिक वर्षको चैतसम्ममा वैदेशिक रोजगारीमा जान करिब साढे पाँच लाख जनाले श्रम स्वीकृति लिएका छन् ।

चैतमा मात्रै ७० हजार नौ सय ३३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

श्रम स्वीकृति लिनेमा ६४ हजार दुई सय ४१ जना पुरुष र छ हजार छ सय ९२ महिला रहेको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "श्रम स्वीकृति लिनेमध्ये १३ हजार तीन सय ७३ जना अदक्ष अर्थात सीप नभएका, ५१ हजार तीन सय २८ जना सीप भएका, पाँच हजार छ सय ८४ जना अर्धदक्ष, चार सय ८२ जना व्यवसायिक दक्षता र ६६ जना उच्च दक्ष भएका छन् ।"यसैगरी चालु आवको साउनमा ५५ हजार पाँच सय ७५, भदौमा ५० हजार आठ सय ८४, असोजमा ५६ हजार दुई सय ३५, कात्तिकमा ४३ हजार छ सय २२, मङ्सिरमा ७१ हजार दुई सय ७६, पुसमा ६५ हजार आठ सय १३, माघमा ६२ हजार एक सय ४७ र फागुनमा ६५ हजार छ सय ५८ जनाले श्रम स्वीकृति लिएर विदेश गएका विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

विभागको तथ्याङ्क अनुसार चैतमा मात्रै १७ हजार आठ सय १८ जना नेपाली रोजगारीका लागि यूएई पुगेका छन् । सोही महिनामा साउदी अरेबियामा १३ हजार छ सय ४१ जना, कतारमा ११ हजार दुई सय ४ जना, मलेसियामा १२ हजार छ सय २ जना, कुवेतमा ४ हजार ७६ जना र बहराइनमा नौ सय ६४ जना पुगेका छन् ।

यसैगरी रोमनियामा दुई हजार दुई सय सय ९९ जना, क्रोएसियामा नौ सय ६० जना, साइप्रसमा सात सय ८१ जना, जापानमा एक हजार तीन सय ५१ जना, माल्दिभ्समा चार सय ९३ जना, मौरिससमा छ सय २० जना र दक्षिण कोरियामा छ सय ५७ जना रोजगारीका लागि गएका तथ्याङ्कले देखिएको छ ।

कृषकले सुन्तला बेचेर भित्र्याए तीन करोड

तनहुँ । तनहुँको भिमाद नगरपालिकाका कृषकले यस वर्ष सुन्तला बिक्री गरेर करिब तीन करोड आम्दानी गरेका छन् । नगरपालिकाका चार वडाका कृषकले यस वर्ष सुन्तला बिक्री गरी दुई करोड ९० लाख आम्दानी गरेका हुन् ।

भिमाद-१, ५, ८ र ९ का किसानले दुई सय २२ टन सुन्तला बिक्री गरेका नगरपालिकाका कृषि सेवा शाखा प्रमुख कृष्ता महतोले जानकारी दिनुभयो । त्यसमध्ये वडा नं ८ अस्पादीबाट मात्रै एक करोड ५० लाखको सुन्तला बिक्री भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अस्पादीका कृषकले एक सय ६६ टन सुन्तला बिक्री गर्नुभएको तथ्याङ्क छ । अन्य वडाको तुलनामा यो वडामा बढी सुन्तला उत्पादन हुने गर्दछ ।"

कृषि सेवा शाखा प्रमुख महतोका अनुसार चार वडालाई नगरपालिकाले पकेट क्षेत्रको रुपमा घोषणा गरेको छ । पकेट क्षेत्रका सुन्तला कृषकलाई नगरपालिकाले विभिन्न सामग्री सहयोग गर्दै आएको उहाँको भनाइ छ । पकेट क्षेत्रका वडाहरुमा एक सय ५० रोपनी क्षेत्रफलमा सुन्तला खेती गरिएको छ ।

नगरपालिकाले चालु आव २०८०/८१ मा वडा नं ५ लाई पनि सुन्तला पकेट क्षेत्रको रुपमा विकास गरेको छ । यो वडाको मिछुर्लुङ क्षेत्र सुन्तला पकेट कार्यक्रममा ३३ जना कृषक आबद्ध छन् । उक्त समूहलाई यसै वर्ष सुन्तला खेती प्रवर्द्धनका लागि रु छ लाख सहयोग गरिएको कृषि अधिकृत हरिप्रसाद गैह्रेले जानकारी दिनुभयो ।

तनहुँमा यो वर्ष ३० करोड बराबरको सुन्तला बिक्री भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कार्यालयका अनुसार गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो ।

माथिल्लो अरुणमा वित्तीय व्यवस्थापनका लागि सैद्धान्तिक सहमति जुट्यो

काठमाण्डु । संखुवासभामा निर्माण प्रस्ताव गरिएको एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनका लागि सैद्धान्तिक सहमति जुटेको छ ।विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को संयुक्त बैठकमा सहभागी हुन अमेरिका भ्रमणमा रहनुभएका अर्थमन्त्री वर्षमान पुन र विश्व बैंक उच्च नेतृत्वबीच वासिन्टन डिसीमा भएको वार्तामा त्यसबारे सैद्धान्तिक सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थमन्त्री पुन र विश्व बैंकका दक्षिण एसिया हेर्ने उपाध्यक्ष मार्टिन रेजरबीच माथिल्लो अरुणसहित विश्व बैंकको लगानीमा नेपालमा सञ्चालित आयोजनाबारे छलफल भएको थियो । विश्व बैंकको लगानीमा सञ्चालित अरु विकास आयोजनाको कामलाई समेत तीव्रता दिने विषयमा छलफल भएको थियो ।

नेपालले परम्परागत रुपमा उपयोग गर्दै आएको विश्व बैंकको सहुलित दरमा ऋण दिने संस्था इन्टरनेशनल डेभलपमेन्ट एसोसिएसन (आईडीए) सुविधा बढाउने र आयोजनाहरुमा विविधिकरण गर्नेबारे समेत कुराकानी भएको जनाइएको छ ।

माथिल्लो अरुण परियोजनामा वित्तीय व्यवस्थापनका लागि विश्व बैंकले नेतृत्व गर्ने गरी सैद्धान्तिक निष्कर्षमा पुगिएको मन्त्री पुनको भ्रमण टोली सदस्य

एवं अर्थ मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपालले जानकारी दिनुभयो । नेपाल सरकारले सैद्धान्तिक स्वीकृति दिएपछि सहमतिले औपचारिकता पाउनुका साथै वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौता हुनेछ ।यो परियोजनामा विश्व बैंकको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहुलियतपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट गरी ७० प्रतिशत ऋण लगानी जुटाउने र ३० प्रतिशत स्वपुँजी (इक्विटी) बाट वित्तीय व्यवस्थापन गर्ने तयारी छ ।

उक्त परियोजना निर्माणको लागत अनुमान भने टुङ्गिसकेको छैन । माथिल्लो अरुण परियोजनाको पूर्वतयारीका कार्यमा दुई किलोमिटर सुरुङमार्ग र २१ किलोमिटर पहुँचमार्ग निर्माण अघि बढेको छ । परियोजनाका लागि आवश्यक जग्गा प्राप्ति र मुआब्जा वितरण करिब सकिएको मन्त्रालयले जनाएको छ ।शुक्रबारै अर्थमन्त्री पुन र अमेरिकी विकास संस्था यूएस इन्टरनेशनल डेभलपमेन्ट फाइनान्स कर्पोरेशन (डीएफसी) का प्रमुख कार्यकारी अधिकृत (सिईओ) स्कट नाथनबीच भेटावार्ता भएको छ । भेटमा अर्थमन्त्री पुनले नेपालमा विदेशी लगानीका लागि उपयुक्त वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

नेपालले निजी क्षेत्रलाई विकास र समृद्धिको साझेदारका रुपमा सँगसँगै अघि बढाउने नीति लिएको स्पष्ट पार्नुहुँदै अर्थमन्त्री पुनले निजी क्षेत्रको प्रवर्द्धन र लगानी सहजीकरणका लागि विभिन्न कानूनी, प्रक्रियागत तथा प्रशासनिक झन्झट हटाउने बाटोमा रहेको बताउनुभयो । नेपालको ऊर्जा क्षेत्रमा लगानीको सम्भावना राम्रो रहेकाले अमेरिकी लगानीकर्तालाई नेपालमा आएर लगानी गर्न पनि अर्थमन्त्री पुनले अपिल गर्नुभयो ।

डीएफसी विभिन्न देशका निजी क्षेत्रसँग साझेदारी गरी विकासशील देशले सामना गरिरहेको चुनौतीहरूको समाधानका लागि लगानी गर्ने संस्था हो । उक्त संस्थाले ऊर्जा, स्वास्थ्य, पूर्वाधार र प्रविधिलगायत क्षेत्रमा वित्तीय लगानी गर्दै आएको छ । डीएफसीले नेपालका निजी क्षेत्रसँग हाल ऋण र स्वपुँजी (इक्विटी) गरी दुई करोड ७० लाख अमेरिकी डलर बराबरको साझेदारी छ ।रासस

आनन्दको परिवारलाई मधेश सरकारको सहयोग

टुडे समाचारदाता

जनकपुरधाम । आनन्द साहको परिवारलाई मधेश प्रदेश सरकारले सहयोग गरेको छ।

इजरायलको मध्य र दक्षिण क्षेत्रमा हमासले गरेको आक्रमणमा परि गत असोजमा मृत्यु भएकामध्ये धनुषाका आनन्द साहको परिवारलाई मधेश सरकारले पाँच लाख रुपैयाँ सहयोग गरेको छ।

मधेश सरकारबाट घोषणा भए अनुरुप मुख्यमन्त्री सरोज कुमार यादवले शुक्रबार मृतक आनन्दका बुवा सोमन साहलाई पाँच लाख रुपैयाँको चेक हस्तान्तरण गर्दै सहयोग गरेका छन् । गत असोज २० गते इजरायलको मध्य र दक्षिण क्षेत्रमा हमासले गरेको आक्रमणमा परि धनुषाको लक्ष्मनिया गाउँपालिका- ४ बस्ने आनन्द साह सहित अध्ययन भ्रमणमा रहेका १० जना विद्यार्थीको निधन भएको थियो ।

सामाजिक सद्भाव कायम राख्न पाँच बुदे सहमती

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको सदरमुकाम मलंगवा नगरपालिका-७, स्थित मुसैलीमा सामाजिक सद्भाव र शान्ति सुव्यवस्था कायम राख्न पाँच बुदे सहमती गरिएको छ।

जिल्ला प्रशासन कार्यालय मलंगवामा दुवै पक्षका अगुवालाई राखेर मुसैलीमा सिर्जित असहज परिस्थितिको विषयमा सुक्ष्म तथा गहन रुपमा छलफल गरी पाँच बुदे सहमती गराइएको छ।

छलफलमा हिन्दू र मुस्लिम दुवै समुदायका अगुवाले सामाजिक सद्भाव एवं शान्ति सुव्यवस्थामा खलल पुग्ने गरी कुनै पनि गतिविधि नगर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । त्यस्ता गतिविधि भएमा सो को जिम्मेवारी स्वंयम हुने र कानून बमोजिम कारवाही भोग्न तयार हुने सहमती गरिएको छ । यस्तै शान्ति सुरक्षा कायम गर्न सबै पक्षले आ-आफ्नो दायित्व इमान्दारिताका साथ निर्वाह गरी सुरक्षा निकायलाई सहयोग गर्ने, सामाजिक सद्भाव विगार्ने खालका घटना घटाउने जो कोहीलाई कडा भन्दा कडा कानुनी कारवाही गर्ने कार्यमा सहयोग गर्ने, स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही गर्ने गरी कुनै पनि सरकारी, सार्वजनिक वा व्यक्तिगत सवारी साधन, घर वा सम्पत्तिमा हानी नोक्सानी पुर्‍याए क्षति पुर्‍याउने व्यक्ति वा आयोजकबाट असुल गर्ने सहमती गरिएको छ।

त्यस्तै सामाजमा घट्ने कुनै पनि किसिमका असामाजिक / अमर्यादित / अवाञ्छित क्रियाकलापको निगरानी गरी सो को सूचना प्रशासनलाई दिइ शान्ति सुरक्षा कायम गर्न दुवै पक्षका तीन-तीन जना रहने गरी समिति गठन गर्ने र उक्त समितिले आ-आफ्नो पक्षका दोषी व्यक्तिको बारेमा सूचना दिएर कानुनी कारवाहीको दायरामा ल्याउन सहयोग गर्ने निर्णय गरिएको छ । उक्त समितिमा हिन्दू पक्षबाट नरेन्द्र राय, राजनारायण राय यादव र खेनारी राय तथा मुस्लिम पक्षबाट मोहम्मद अकबर हुसैन, मोहम्मद मोमताज र मोहम्मद लतिफ रहेका छन्।

निमित्त प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेको अध्यक्षमा जिल्लाका सुरक्षा प्रमुखहरु बसेर दुवै पक्षबिच छलफल गराई पाँच बुदे सहमती गराएका छन् । बुधबार साँझको विवादपछि मुसैलीमा अहिले पनि नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरी सुरक्षा पहरा दिने काम भइरहेको जिल्ला प्रशासन कार्यालय मलङ्गवाले जनाएको छ।

> सामाजमा घट्ने कुनै पनि किसिमका असामाजिक / अमर्यादित / अवाञ्छित क्रियाकलापको निगरानी गरी सो को सूचना प्रशासनलाई दिइ शान्ति सुरक्षा कायम गर्न दुवै पक्षका तीन-तीन जना रहने गरी समिति गठन गर्ने र उक्त समितिले आ-आषनो पक्षका दोषी व्यक्तिको बारेमा सूचना दिएर कानुनी कारवाहीको दायरामा ल्याउन सहयोग गर्ने निर्णय गरिएको छ ।

कार्यशाला गोष्ठी सम्पन्न

टुडे समाचारदाता

राजविराज। सप्तरीको राजविराजमा बालविवाह विरुद्धको जिल्ला स्तरीय कार्यशाला गोष्ठी शुक्रवार सम्पन्न भएको छ।

जिल्लाको १८ वटै पालिकाका जनप्रतिनिधि, महिला विकास अधिकृत र सरोकारबालाहरुको सहभागितामा सो गोष्ठी सम्पन्न भएको छ।

गोष्ठीमा बोल्दै प्रमुख अतिथि जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहले बाल बिवाहलाई न्युनीकरण गर्नसके समाजको लागी ठूलो उपलब्धी हुने बताए।

उनले विगतको भन्दा अहिले बालबिवाह केही कम हुने गरेको तर पूर्ण रुपमा बन्द नभएको प्रति चिन्ता व्यक्त गर्दै सबै सरोकारबाला एकजुट भए बालविवाह चाँडै नियन्त्रणमा आउने विश्वास व्यक्त गरे।

बालविवाहलाई निरुत्साहित गर्न बालबालिकाहरुलाई अनिवार्य रुपमा शिक्षित बनाउन आवश्यक रहेकोले त्यतातिर पनि सबैले ध्यान दिनुपर्ने साहले बताए।

गैर सरकारी संस्था महासंघ नेपाल शाखा सप्तरीका अध्यक्ष बलदेव मंडलको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद् मधेश प्रदेशका प्रदेश समन्वय अधिकृत संजीव महतोले बाल बिवाहबाट हुने असर र यसबाट पर्ने नकारात्मक प्रभाव तथा कानुनी व्यवस्थाबारे सहभागीहरुलाई जानकारी गराए।

सन् २०३० सम्म बालबिवाह न्युनीकरण गर्ने लक्ष्य नेपाल सरकारको रहेको जानकारी गराउँदै महतोले त्यही विषयमा सहभागीहरु संग छलफल भएको जानकारी दिए।

जो बालबालिका विद्यालयमा छैनन्, ऊ बालश्रममा छन्

ब्लग :

श्यामसुन्दर शशि

शिक्षा, स्वास्थ्य, सरसफाई, बालविवाह आदि क्षेत्रमा उल्लेखनीय काम गर्ने आसमान नेपाल नामक गैर सरकारी संस्थाको एउटा लोक प्रिय नारा छ-'जो बालबालिका विद्यालयमा छैनन्, ऊ बालश्रममा छन् ।' झण्डै दुई दशकपछि मैले यस नाराको अर्थ बुझेको छु। कक्षा १ मा भर्ना भएका मध्ये कक्षा १० सम्म आइ पुग्दा झण्डै ६० प्रतिशत विद्यार्थी हराउने गरेको नेपाल सरकारको आधिकारिक तथ्यांकले यस नारालाई पुष्टी गरेको छ।

वैशाख २ गतेदेखि प्रत्येक वर्ष मुलुकमा विद्यालय भर्ना अभियान संचालित हुन्छ । यस वर्ष पनि 'सबै बालबालिकाको विद्यालयमा सहभागी, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नाराका साथ भर्ना अभियान सुरु गरिएको छ। अभियानको क्रममा बालबालिका विद्यालयमा भर्ना पनि हुन्छन तर कक्षा १० सम्म पनि टिक्दैनन् । बिचमै हराउँछन् ।

२०७१ सालमा कक्षा १ मा ११ लाख ३६ हजार विद्यार्थी भर्ना भएका थिए तर २०८० सालमा यिनै विद्यार्थीहरु मध्ये ५ लाख भन्दा पनि थोरै विद्यार्थी एसईई परीक्षामा सहभागी भए। ६ लाख विद्यार्थी कहाँ हराए? बिचमै अध्ययन छाड्न् (ड्रप आउट हुने) बालबालिकाहरुमा छात्राको संख्या अधिक हुन्छ। २०७१ सालमा कक्षा १ मा भर्ना भएका ५ लाख७१ हजार छात्रामध्ये २ लाख ४८ हजार मात्रै एसईईमा सहभागी भएका थिए। ३ लाख २३ हजार छात्रा बिचमै विद्यालय छाडेका थिए।

नेपालको संविधान २०७२ ले कक्षा ८ सम्म (आधारभूत शिक्षा)लाई अनिवार्य र १२ सम्मको (माध्यमिक शिक्षा)लाई निःशुल्क घोषणा गरेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक, कक्षा ५ सम्म दिवा खाजा, गरिब, विपन्न लक्षित वर्ग छात्रवृत्ति, छात्राहरूलाई सेनेटरी प्याडका साथै मधेश प्रदेश सरकारले ' बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम मार्फत छोरी विमा, साइकल बितरण आदि कार्यक्रमहरु पनि अधि सारेको छ । र पनि सरकारी तथ्यांक अनुसार २ लाख १३ हजार विद्यार्थी विद्यालयबाहिर छन् । २०७१ सालमा कक्षा १ मा नामांकन गरेका मध्ये ६ लाख हराएका छन् ।

संविधानले माध्यमिक तह सम्मको व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकार(पालिकाहरु)लाई दिएको छ । यसको लागि एकमुष्ट सशर्त अनुदान पनि उपलब्ध गराउँदै आएको छ । आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य गर्नुको अर्थ हो-'स्थानीय सरकारले चाहेमा आफ्ना बालबालिकालाई विद्यालय नपठाउने अभिभावकहरुलाई पालिकाको सेवा सुविधाबाट वञ्चित गर्न सक्छ । बालबालिकालाई विद्यालय भर्ना गराउँन बाध्यात्मक परिस्थिति सृजना गर्न सक्छ तर कुनै पनि पालिकाले यस सम्बन्धमा कुनै ठोस कदम उठाएको देखिएको छैन् । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन-२०७५ को दफा १९ ले २०८५ वैशाख भित्र कक्षा ८ सम्मको शिक्षा प्राप्त नगरेको व्यक्ति सरकारी, गैरसरकारी, सहकारी संघ संस्थामा सदस्य बन्न, निर्वाचित, मनोनयन र नियुक्ति हुन अयोग्य हुने प्राब्धान राखेको छ।

बालबालिकाहरु विद्यालय भर्ना नहुनु तथा भर्ना भएका मध्ये पनि ६० प्रतिशत भन्दा अधिक माध्यमिक तह सम्मको पढाई पनि पूरा नगर्नु राष्ट्रिय चुनौती हो तर यस चुनौतीलाई सामना गर्न तीनै तहका सरकारसंग कुनै ठोस योजना छ जस्तो लाग्दैन। एसईईको परीक्षाताका सेन्टर सेन्टर चहारेर चिट चोरी रोक्न खोज्ने स्थानीय प्रहरी, प्रशासन, नागरिक समाजकाअगुवा आदि वर्ष भरि विद्यालयहरुमा अध्ययन अध्यापन भए न भएको ख्यालगर्नु हुन्छ ?

सामुदायिक विद्यालयहरुमा समस्याको चाङ छ । कही शिक्षक छन्, विद्यार्थी छैनन्। कही विद्यार्थी छन्, विषयगत शिक्षक र भौतिक संरचना छैनन् । राजनीतिक कारणले पालिकाहरुमा समयमा नगर वा गाउँ सभा हुदैन। बजेट पारित हुदैन अनि शिक्षकलाई तलबखान गाह्रो हुन्छ। पालिकाहरुका कार्यालयमा प्रत्येक कोठामा एयर कण्डिशनको शितल हावा चल्छ तर विद्यालयहरुमा छात्रामैतृ शौचालय समेत हुदैन। कक्षा कोठाहरुमा पंखा हुदैन।

यस विषम परिस्थितिका बाबजूद पनि केहि सामुदायिक विद्यालय गुणस्तरीय शिक्षा दिइ रहेका छन् । कुनै जमानामा धनुषाका सरस्वती, जानकी, सकल भवन कन्या, बरकुर्वा, यदुकुहा, वभनगामा, धवौली, खजुरी विद्यालयहरुको निकै नाम थियो । सेवा क्षेत्र बाहिरका विद्यार्थीहरु पनि यी विद्यालयहरुमा अध्ययन गर्न आउँथे। अहिले धनुषाका जनता नमूना माध्यमिक विद्यालय गिद्धा बेलापटी, याज्ञवल्क्य संस्कृत विद्यालय ज्ञानकूप, शंकट मोचन मावि, जनकपुर तथा गोगल प्रसाद नमूना माध्यमिक विद्यालय बसहियामा विद्यार्थीहरुको अत्यधिक चाँप छ। विद्यार्थीको अनुपातमा शिक्षक र कक्षाकोठा आभाव छ।

प्रश्न उठ्छ-'पुराना नाम चलेका विद्यालयहरु किन धाराशायी भए ? अनि नयाँ विद्यालयहरु किन जुर्मुराए ? असल प्रधानाध्यापक आएर वा सम्बन्धित पालिकाहरु र अभिभावकहरुको सहयोग पाएर ? यदि पालिकाको सहयोगले हुने भए जनकपुरधामउपमहानगर पालिका भित्रकै सरस्वती माविमा विद्यार्थी किन सुके अनि शंकटमोचनमा किन दिनानुदिन बढ्दै छन् ?

सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाको ग्यारेन्टी एक्लै न स्थानीय तहले गर्न सक्छ न त शिक्षक र कर्मचारीले । यसको लागि तीनै तहका सरकार र नागरिक समाजको सहयोग आवश्यक छ । अभिभावकहरुले के पनि हेक्का राख्नु पर्दछ भने यदि तपाईको छोरा छोरी विद्यालयमा छैनन् भने ऊ बालश्रममा छन्।

लहानको खुटीखोलामा आर्यघाट निर्माण हुने

टुडे समाचारदाता

सिरहा । लहान नगरपालिका-४ खुटीखोलामा आर्यघाट निर्माण कार्य सुरु भएको छ । वर्षौंदेखि आर्यघाट निर्माण हुनुपर्ने सहरी क्षेत्रका बासिन्दाहरूले माग गरिरहेको आर्यघाट निर्माण कार्य सुरु भएपछि खुसी देखिएका छन्।

लहान नगरपालिका प्रमुख उपप्रमुख क्रमशः महेश प्रसाद चौधरी र राम चलितर महतोले संयुक्त रूपमा आर्यघाट निर्माण कार्यको विधिवत् पूजा गरेर प्रारम्भ गरे । नगरप्रमुख महेश प्रसाद चौधरीले दुई करोड ७१ लखको लागतमा निमार्ण हुने आर्यघाट १८ महिनामा सम्पन्न हुनेगरी टेण्डर भएको बताए । आर्यघाट मात्रै होइन अढाई बिगहा जग्गामा सुन्दरपार्क र मृत्युपछि शान्ति महसुस हुनेगरी वृत्तचित्र समेत बनाइने नगरप्रमुख चौधरीले जानकारी दिए।

विगत वर्षदेखि नै आर्यघाट निर्माण कार्य सुरु गर्दा विवादित बनेको थियो। पूर्व नगरप्रमुख मुनि साहकै कार्यकालमा टेण्डर भएको थियो । लहान-४ का वडाध्यक्ष रामनाथ पण्डितको अगुवाइमा लहान-४ का स्थानीयहरूले रोकेको थियो । यस विषयलाई कसरी समाधान गर्नुभयो भने सञ्चारकर्मीहरूको जिज्ञासामा नगरप्रमुख चौधरीले भने-'स्थानीयहरूले नै आर्यघाट निर्माण नभएपछि ठुलो सास्ती भयो । अब कुनै वाधा व्यवधान खडा नगर्ने लिखित निवेदन दिएपछि निर्माण कार्य सुरु भएको छ। सबैको सहमतिमा निर्माण कार्य सुरु भएपछि अब विवाद हुनेछैन।'

लहान नगरपालिका १,३,४,५,६,७,८,९र १० नम्बर वडामा स्थानीयहरूलाई वर्षाको समयमा लास जलाउन ठुलो सास्ती भइरहेकोले वर्षौंदेखि आर्यघाट बनाउन लहान नगरपालिकासँग निवेदन र माग गरिरहेको स्थानीय भरत भोगेन्द्र प्रसाद साह बताए।

आर्यघाट निर्माण स्थल खुटी खोलाको खुल्ला मैदानमा गौरव गर्ने योजनाहरू सफल बनाउन खाली रहेको जग्गा संरक्षण गर्ने नीति समेत लहान नगरपालिकाले बनाइसकेको नगरप्रमुख चौधरीले प्रस्ट्याए। रमणीय पार्क, मानव मोक्ष मन्दिर लगायत संरचनाहरू तयार भएपछि पर्यटकीय क्षेत्रको रूपमा समेत स्थापित हुने आशाको साथ सुन्दर नक्सा बनाएको कार्यक्रमको प्राविधिक इन्जिनियर अनिक यादवले बताए भने टेण्डर लिएका ठेकेदार कमल नारायण चौधरीले १८ महिनाको कार्य ६ महिनामा नै पुरा गर्नेगरी तीव्र रूपमा कार्य अघि बढाइने विश्वास व्यक्त गरे।

हाइड्रो क्षेत्रमा लगानी लगाउन व्यवसायीलाई आग्रह

टुडे समाचारदाता

जनकपुरधाम । समिट इनर्जी सोलुसनप्रालिकाचेयरमैनभोजबहादुर शाहले स्थानीय व्यवसायीहरुलाई हाइड्रो पावर क्षेत्रमा लगानी लगाउनका लागि आग्रह गरेका छन्।

जनकपुरधाममा शुक्रबार एक कार्यक्रममा बोल्दै मेघा बैंकका पूर्वसंचालकसमेत रहेका चेयरमैन शाहले हाइड्रो क्षेत्रमा राज्यले समेत विशेष सुविधा दिएको हुनाले यसतर्फ व्यवसायी, उद्योगीलाई लगानी लगाउने सही ठाउँ रहेकाले पहिचान गर्नसमेत सुझाए।

उनले समिट इनर्जी सोलुसन प्रालिको माध्यमबाट ४४ मेगावाट बिजुली उत्पादन गर्ने योजना रहेकाले अहिले नै न्युन्तम ५ लाख रुपैयाँदेखि ५ करोड रुपैयाँसम्म लगानी गर्न सकिने हुनाले लगानी लगाएर लाभ उठाउन आग्रह गरे।

उनले आफुले विगतमा साहस हाइड्रोपावर परियोजना र साहस उर्जा परियोजनाको माध्यमबाट सफलतापूर्वक बिजुली उत्पादन गरिसकेको हुनाले अहिले नयाँ परियोजनाको कामसमेत थालिसकेको हुनाले यसमा हरेक व्यवसायी र उद्योगीहरुले मुलुक र आफ्नो हितको लागिसमेत लगानी लगाउनु पर्ने बताए।

सो समिट इनर्जीको कुल लगानी ७ सय ९१ करोड रुपैयाँ रहेको छ। ५१ प्रतिशत कार्य सम्पन्न भएपछि आमनागरिकका लागि आइपिओ खोलिने उनले बताए।

कर्मचारी आवश्यकता

ओम श्री हेल्थकेयर पोलिक्लिनिक प्रा.लि.का लागि १ जना कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले आफ्नो CV लिएर निवेदन साथ उपस्थित हुन सुचित गरिन्छ ।

न्यूनतम योग्यता

1) Farmacy, H.A. वा CMA मध्ये एउटा कोर्ष गरेको हुनु पर्ने

सम्पर्क
स्टेशन रोड, जनकपुरधाम
मो.नं.९८१६८०६३०३, ९८४४०२३०५५

घर भाडाको लागि खालि छ।

जनकपुर उपमहानगरपालिका वडा नं.३, जनकचौक, Ncell टावरको अगाडी तिन तल्ले भवनको पहिलो तल्ला भाडामा लगाउनु पर्ने भएकोले भाडामा लिन चाहने अफिस, बैक, वित्तिय संस्थाहरुले तलको ठेगानामा सम्पर्क गर्नु होला ।

सम्पर्क : विनोद साह
मो.नं. ९८४४०२६१६८,
९८१२१२६७१८

सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्रमा पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको टाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८